LUMANTI
SUPPORT GROUP FOR SHELTER

# बस्तिभित्रको कथा

## भोगाइ, सिकाइ अनि अनुभूतिहरु

LUMANTI
SUPPORT GROUP FOR SHELTER

# बस्तिभित्रको कथा

## भोगाइ, सिकाइ अनि अनुभूति

**प्रकाशन**
बस्तिभित्रको कथा

**विधा**
घटना अध्ययन

**लेखक**
जीत बहादूर श्रेष्ठ
सूर्यराज पासवान
अनिल मण्डल
वर्षा  निरौला
सरिता कुशवाहा
अजय यादव
रन्जिता देवकोटा खनाल
सन्ध्या चौधरी
कृष्ण पौडेल
अलिमा भट्ट
गणेश बस्नेत

**फिल्ड संयोजन**
लक्ष्मी राई
सिंह बहादूर लामा
अब्दुल कैश

**सम्पादन  सहयोग**
सोबिना लामा

**सह-सम्पादक**
शिवहाङ राई

**डिजाइन/सम्पादक**
अनन्तराज बज्राचार्य

**सल्लाहकार**
महेन्द्र शाक्य

MISEREOR
IHR HILFSWERK

LUMANTI
SUPPORT GROUP FOR SHELTER



# विषय सूची

प्राक्कथन ........................................................................................................१
१) अँध्यारोबाट उज्यालोतर्फ ! ..........................................................................२
२) मुसहर समुदायको नेतृत्व लिँदै गीता माझी .................................................. ४
३) स्थानीय तह चुनाव र जनअपेक्षाबीच विकासे कार्यकर्ताको भूमिकामा म ......६
४) अनि भयो खानेपानीको पाइपलाइन विस्तार ! ............................................९
५) समन्वय र सहकार्यले ल्याएको परिवर्तन ..................................................१२
६) विपन्न परिवारको सहयोगका लागि नगर स्तरीय कोष ................................१४
७) धारा जडानले परिवारमा ल्याएको खुशी ....................................................१६
८) कल्पना पनि नगरेको घर विपनामा बन्दाको खुसि .....................................१८
९) जनयुद्धदेखि सामाजिक अभियन्तासम्मको यात्रा .......................................२०
१०) आवासको लागि सहयोग: असहायलाई राहत ..........................................२२
११) शुद्ध पिउने पानीसँगै सुन्दरबस्तीमा छाएको खुशी ...................................२५
१२) सहकारीको सहयोगले नर्सरी व्यवसाय ....................................................२८
१३) 'बल्ल पिउन पायौँ सफा पानी' ..............................................................३०
१४) संघर्ष गर्दै अघि बढ्दै ...............................................................................३३
१५) अतित बिर्सिएर अघि बढिरहेकी दिदीबहिनी ............................................३६
१६) शुद्ध पिउने पानीको लागि संघर्ष ............................................................३९
१७) नयाँ घरले भगाएको डर .........................................................................४१


**प्राक्कथन**

लुमन्ति आवासको लागि सहयोग समूहले बिगत लामो समयदेखि जर्मन स्थित अन्तर्राष्ट्रिय गैर सरकारी संस्था मिजेरियर तथा जर्मन सरकारको संयुक्त सहयोगमा नेपालका विभिन्न बिपन्न बस्ती र सिमान्तकृत समुदायहरुलाई लक्षित गरि बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। स्थानिय तहको समन्वय तथा सहकार्यमा संचालन भैरहेका ति विविध कार्यक्रमहरु अन्तर्गत लुमन्तिले स्थानिय समुदायको अगुवाईमा नेपालका विभिन्न सहरहरुमा रहेका बिपन्न बस्ती र सिमान्तकृत समुदायहरुमा बसोबास गरिरहेका न्यून आय भएका परिवारहरुको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि आवास सुधार, समुदायमा आधारित लघुवित्त, महिला सशक्तिकरण, विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन, समुदाय सशक्तिकरण तथा क्षमता अभिवृद्धि लगायत खानेपानी, सरसफाई तथा स्वास्थ्य सुधार अनि बस्ती बिकासका कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। लुमन्तिले संचालन गर्दै आइरहेका यि विविध कार्यक्रमहरु मार्फत धेरै विपन्न बस्ती तथा सिमान्तकृत समूदाय अनि परिवारहरुको जीवनस्तरमा उल्लेखनिय सुधारहरु भएका छन् । कार्यक्रम मार्फत धेरै बिपन्न परिवारहरुले नयाँ घर पाएका छन् र सुरक्षित बसाईको महसुस गर्न पाएका छन् भने सिमान्तकृत समूदायमा खानेपानीको पाइपलाइन विस्तार भइ कतिपय विपन्न परिवारहरुले स्वच्छ खानेपानीको उपभोग गर्न पाएका छन्। यसै गरि समुदायमा आधारित लघुवित्त कार्यक्रम मार्फत विपन्न परिवारका हजारौं महिलाहरु आर्थिक रुपमा सबल भई आफ्नै ब्यवसाय संचाल्न गर्न पनि सक्षम भएका उदाहरण पनि छन् भने कतिपय महिलाहरुले त्यही आम्दानी मार्फत आफ्नो परिवारको गुजारा चलाइरहेका छन्। समुदायमा संचालन गरिएका विभिन्न सशक्तिकरण कार्यक्रम लगायत क्षमता अभिबृद्धिका प्रयासहरुले सिमान्तकृत समूदायको स्थानिय तहसम्मको पहुँचमा उलेख्य वृद्धि भएका छन् भने यसको फलस्वरुप ति समूदायहरुमा स्तानिय तहको लगानीमा बाटोघाटो, नाला, बिजूली बत्ती लगायतका सुविधाहरु बढि विपन्न परिवारहरु प्रत्यक्ष लाभान्वित भएका छन् । यो पुस्तिका 'बस्तिभित्रको कथा' ले यिनै कार्यक्रमहरु मार्फत सिमान्तकृत समूदाय तथा त्यहाँ बसोबास गरिरहेका विपन्न परिवारहरुको जीवनस्तरमा आएको सामजिक तथा आर्थिक रुपान्तरणका केही कथाहरुलाई समेट्ने जमर्को गरेको छ।

यस पुस्तिका 'बस्तिभित्रको कथा' मा समावेश गरिएका कथाहरु घटना अध्ययन गरि तयार गरिएका वास्तविक जीवनमा आधारित कथाहरु हुन् जसमा परियोजनाबाट लाभान्वित परिवारहरुको जीवन भोगाईका गाथा मात्र छैन। यसमा परियोजना संचालनका क्रममा भएका सिकाई, अनुभूति अनि अनुभवका कथाहरु पनि छन् । समग्रमा यो पुस्तिका सिमान्तकृत समूदाय तथा विपन्न बस्तिहरुमा परियोजना अन्तर्गतका प्रयासहरुबाट लाभान्वित परिवार अनि समूदायमा पारेको बहुआयामिक प्रभावको विवरण पनि हो भन्दा फरक नपर्ला। पुस्तिकामा समावेश गरिएका कथाहरुले लाभान्वित परिवारले न्यूनतम सेवा तथा सुविधाबाट बन्चित रहि भोग्नु परेका अनेकन कठिनाई तथा चुनौतीहरु र त्यस्तो समस्याबाट मुक्त हुन उनीहरुले परियोजनाको सहजिकरण मार्फत समूदायस्तरमा गरेका प्रयास लागयत स्थानिय तहसंगको समन्वय तथा सहकार्यका बिषयलाई पनि समेटेको छ।

यस पुस्तिकामा समावेश भएका कथाहरु विशेषत: चितवनको खैरहनी नगरपालिका, बाराको कलैया उपमहानगरपालिका तथा मोरङ्गको सुन्दरहरैंचा नगरपालिका भित्र रहेका सिमान्तकृत समूदायहरुबाट संकलन गरिएका छन् । लुमन्तिको कार्य क्षेत्र रहेका तिनै तिनवटा नगरहरुमा काम गरिरहेका सामूदायिक सहजकर्ताहरुद्वारा संकलन गरि तयार पारिएका १८ वटा कथाहरुको यो संग्रह 'बस्तिभित्रको कथा'ले सिमान्तकृत समूदाय र त्यहाँ बसोबास गरिरहेका विपन्न परिवारहरुको समग्र अवस्थालाई उजागर गर्दै अनेकन सिकाई अनि नयाँ अध्ययनका बाटोहरु पहिल्याएको छ। यससंगै ति कथाहरुले विपन्न परिवारहरुको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि काम गरिरहेका ब्यक्ति तथा संस्थाहरुलाई सो क्षेत्रमा थप उर्जाका साथ नयाँ कार्यक्रमहरु संचालन गर्न उत्प्रेरित गर्ने विश्वास गरिएको छ। अन्तमा यस पुस्तिका प्रकाशनका क्रममा सूचना संकलन, संयोजनदेखि लिएर कथा लेखन तथा सम्पादनमा प्रत्यक्ष एवं परोक्ष योगदान गर्नु हुने सबैलाई धन्यवाद!

लजना मानन्धर
कार्यकारी निर्देशक



## अँध्यारोबाट उज्यालोतर्फ !

कलैया उपमहानगरपालिका वडा नं ९ की मैनवा नुनियाइन आजभोलि तरकारी व्यवसायीको रुपमा गाउँघरमा परिचित छिन् । जिन्दगीले यसरी कोल्टे फेर्छ भन्ने उनलाई अलिकति पनि लागेको थिएन । तर आफ्नो मेहनत र दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्थाको सहयोगमा उनको जीवनमा सुनौलो दिन सुरु भएका छन् ।

नुनियाइन कलैया–९ स्थित नुनिया टोलकी व्यवसायी हुनुअघि बुहारी थिइन् । स्थानीय बिशुन्देव नुनियासँग विवाह गरेर आएकी उनले दुःखको पोखरीमा थुप्रै पटक डुबुल्की मार्न पर्यो ।

आर्थिक रुपले कमजोर परिवारमा बुहारी बनेर आएकी नुनियाइन आफ्नो श्रीमानको रक्सीको लतले झनै आजित थिइन् । परिवारको स्थिती सबल बनाउन दिनरात मेहनत गरे पनि उनलाई पारिवारिक साथ थिएन।

आम्दानीका लागि उनले घरमा कुखुरा पाल्थिन् तर बेच्ने बेला भएका सबै कुखुरा बिशुन्देवले खर्च गरिदिन्थे तर पनि नुनियाइनले प्रयास भने गरिरहिन् ।

छोराछोरी हुर्किंदै गए, जेठी छोरीको बिवाह गर्ने उमेर भयो । घरमा खाने दाल, चामल पनि नभएको दयनीय अवस्थामा छोरीको विवाह गर्नु निकै कठिन थियो तर छिमेकीहरुले सकेको सहयोग गरेपछि विवाह सम्पन्न भयो ।

छोरीको विवाहपश्चात श्रीमानमा केही परिवर्तन आउँला कि भन्ने नुनियाइनले आशा राखेकी थिइन् तर बिशुन्देवमा कुनै बदलाव आएन ।



उल्टो बिशुन्देव अझ झगडालु भएका थिए । परिवारका दैनिक आवश्यकता पुरा गर्न सहयोग गर्नु त कता हो कता बिशुन्देव नुनियाइनलाई कुटपिट गर्न थालेका थिए ।

एक्लैले अर्काको खेतमा 'बनी' गरेर परिवारको दैनिक छाक टार्न नुनियानलाई असाध्यै गाह्रो परिरहेको थियो तर जीवन जसोतसो चलिरहेको थियो ।

२०७५ सालमा कलैया–९ का वडाअध्यक्ष डा. अख्तर आलमको प्रयासमा लुमन्ति आवासको लागि सहयोग समूहको कार्यक्षेत्रभित्र नुनिया टोललाई समावेश गरियो । टोल समावेश भएसँगै समुदायमा भएका समस्याहरुलाई क्रमबद्ध रुपमा समाधान गर्न विभिन्न कार्यक्रमहरु संचालन हुन थाल्यो ।

महिला बचत समुह गठन गरि समुदायका गरिब र पिछडिएर रहेका महिलाहरुको आर्थिक स्तरमा सुधार र स्रोतसम्म पहुँच पुर्याउने कार्य सुरु भयो । यसको लाभ लिन नुनियाइन पनि सफल भइन् ।

नुनियाइन दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्थाअन्तर्गत रहेको भवानीमाई महिला बचत समुहको सदस्य भइन् र बचत गर्न सुरु गरिन् । समूहमा सदस्यता लिएपछि उनले सहकारीको सुविधाहरुको बारेमा थाहा पाइन् र न्यून ब्याजदरमा २५ हजार ऋण लिएर तरकारी बेच्न सुरु गरिन् । ज्याला मजदुरी गर्ने नुनियाइन व्यापार गर्ने भएकी भन्दै गाउँलेले उनलाई गिज्याए । 'ए उर्मिलवाके माई जातारी समधिके तरकारी देवे' (ए उर्मिलाको आमा समधिज्युलाई तरकारी दिन गईरहेछे) भन्ने वाक्याशं उनले धेरै पटक सुनिन् । तर उनले ती कुरामा ध्यान नदिई आफ्नो व्यवसायलाई निरन्तरता दिई रहिन् । अहिले तरकारी व्यापारले नुनियाइनको जीवन अँध्यारोबाट विस्तारै उज्यालोतर्फ फर्किन थालेको छ ।

घरका काममा उनलाई बुहारीले सघाउँछिन् । नुनियाइन बिना कुनै चिन्ता आफ्नो व्यवसायमा बढी समय दिन्छिन् । तरकारी बेचेरै उनले १० लाख रुपैयाँमा एक कठ्ठा जग्गा खरिद गर्न सफल भएकी छिन् । आगामी दिनमा हाटबजारमा आफ्नै पसल राख्ने उनको इच्छा छ । भविष्य सम्झिएर प्रफुल्ल हुँदै उनले भनिन्, 'अगर हाट बजारमे तरकारी बेचे खातिर ठाउँ मिल जाईत तब लागित जईसन तरकारी ना सोना बेचतबानी' (यदि हाट बजारमा पसलको लागि जग्गा पाएको भए तरकारी हैन सुन बेचे झै अभास हुन्थ्यो) ।

कलैया-लुमन्तिका सामाजिक परिचालिका श्री सरिता कुशवाहाले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख



## मुसहर समुदायको नेतृत्व लिँदै गीता माझी

खैरहनी नगरपालिका–१० स्थित मुसहर बस्तिकी गीता माझीको दैनिकी फेरिएको छ । आजभोलि माझी घरको कामसँगै सामुदायिक कार्यहरुमा उत्तिकै सक्रिय छिन् ।

रत्ननगर गौठोलीमा परिवारकी जेठी छोरीको रुपमा जन्मिएकी उनी बाल्यकालमा लजालु थिइन् । आफ्ना कुरा खुलेर गर्न नसक्ने उनले कक्षा ९ सम्म मात्र अध्ययन गरिन् । २०६९ सालमा धने माझीसँग विवाह गरी खैरहनी आएकी उनी दुई छोरी र एक छोराकी आमा हुन् । ससुरा, श्रीमान र तीन सन्तानसहित ६ जनाको परिवारको हेरचाह र घरगृहस्थीमा व्यस्त रहेकी उनलाई 'तराई मधेस समृद्धी कार्यक्रमले' समुदायमा सक्रिय बन्न सहयोग गर्यो ।

२८ परिवार रहेको मुसहर बस्तिमा सामुदायिक आवास व्यवस्थापनका लागि २०७५/७६ सालमा खैरहनी नगरपालिकाले उक्त कार्यक्रम सञ्चालनमा ल्याएको थियो । सो कार्यक्रमअन्तर्गत गठन गरिएको उपभोक्ता समितिमा रहेर काम गर्ने क्रममा उनले आफुलाई समुदायाको काममा अझ अग्रसर गराउने मौका पाईन् ।

'नगरपालिकाबाट घर निर्माणको लागि सहयोग हुने भएपछि उपभोक्ता समिति गठन भयो ।

फूलकुमारी माझीको संयोजकत्वमा गठन भएको समितिमा म पनि पदाधिकारीका रुपमा रहेको थिए । सोही क्रममा वडा, नगरपालिका धाउनु पर्यो । त्यसले समुदायमा विकासका लागि कसरी काम गर्नुपर्ने रहेछ, बजेट व्यवस्थापन कसरी हुने रहेछ, के–कस्ता कागजात चाहिने रहेछ भन्ने जानकारी प्राप्त भयो' माझीले भनिन्, 'त्यहीं सिकाइले अहिले अन्य सामाजिक कामहरु गर्न सक्ने भएको छु । सिकेर, लागि परेर हामीले समुदायमा २८ घर बनाउन सफल भएका छौं । सपनामा नसोचेको यस्ता राम्रा घर पाएका छौं । खुशी छौं ।'

२०७५/७६ सालबाट समुदायमा क्रियाशिल भएकी उनी २०७८ सालमा लुमन्ति आवासको लागि सहयोग समूहले टोलमा प्रवेश पाएपछि झनै सक्रिय भएकी छिन् । 'लुमन्तिले यस टोलमा काम गर्न थालेपछि समुदायमा चहलपहल बढ्यो, समुदायहरुमा समूह गठन, चेतनामूलक विकासका काम, महिला बचत



समूह र बाल समूह गठन, बाल कक्षा संचालन, नियमित सरसफाइ हुन थाल्यो ।

म आफैं पनि महिला बचत समूहको सचिव भएर काम गर्न थालेपछि सामुदायिक योजना निर्माण, योजना माग र स्रोतको पहिचान गर्न सक्षम भएं,' माझीले खुशी हुँदै थपिन्, 'अन्य समुदायको तुलनामा हामी धेरै कुराहरुमा पछि परेको मैले महशुस गरें ।

त्यसैले सक्रिय भएर समुदायमा काम गर्न थालें । अरुलाई बुझाउन थालें । समय लाग्यो तर समुदायका योजनाअनुसार नै नगरपालिका र लुमन्तिको आर्थिक सहयोगमा बाटो र शौचालय मर्मत गर्न हामी सफल भयौं । अहिले टोलका मानिसहरू पनि सक्रिय हुन थाल्नु भएका छन् ।'


समुदायले सक्रियता देखायो भने स्थानिय निकाय र सहयोगी संस्थाहरुले सहयोग र समन्वय गर्ने रहेछन् भन्ने अनुभव आफूसँग रहेको उनी बताउँछिन् । 'लुमन्ति क कारणसे इतुरा फदकाह भेल हसे सरकारी कामकसके हसई, कसके करेपर सई कहके थाहपउले, अब त कतहु जाके फदकके लाज हसे डर हईनो लगसई' (लुमन्तिको कारणले यति सम्म बोल्ने भएको छु अनि सरकारी काम कसरी हुन्छ, कसरी गर्नुपर्छ भन्ने थाहा भयो, अब त कतै गएर बोल्न डर र लाज लाग्दैन ।)

सामाजिक कार्यमा सक्रिय रहेकी उनी घरमा बंगुरपालन गरेर आम्दानी पनि गरिरहेकी छिन् । समुदायमा जाँदा आफ्नै उदाहरण दिने उनी अन्य महिलाहरुलाई सामाजिक कार्य र घरको काम सँगसँगै लैजान सकिने भन्दै सामुदायिक सक्रियता र आम्दानीको स्रोत व्यवस्थापनका लागि प्रोत्साहन गर्ने गर्छिन् ।

अहिले एकातिर माझीले चालेका कदमको कदर गर्दै समुदायका महिलाहरु उनलाई साथ दिइरहेका छन् भने अर्कोतिर आगामी दिनमा आफूहरु पनि माझीजस्तै समुदायमा सक्रिय बन्ने प्रयास गरिरहेका छन् ।

खैरहनी-लुमन्तिका सामाजिक परिचालिका श्री रन्जिता देवकोटा खनाल ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।

**स्थानीय तह चुनाव र जनअपेक्षाबीच विकासे कार्यकर्ताको भूमिकामा म**




तपाईं कुन पार्टीबाट हो सर ?
एकछिन त म अलमलमा परेँ । मेरा लागि ऋषिदेव समुदायका महिलाहरुको समुहबाट यस्तो प्रश्न अप्रत्याशित थियो । त्यसै बीच समुदायकै अर्की दिदीको आवाज आयो, 'यसपाली चुनावमा त हामी तपाईलाई नै भोट दिने !'
मैले प्रतिप्रश्न गरेँ, 'किन र ? म त कुनै पार्टीबाट होइन नि !'
'चुनावमा त उठ्नु हुन्छ होला नि ?' अपेक्षासहित पुनः प्रश्न दोहोरियो ।
'म कहाँ उठ्नु ! म उठ्नै पाउँदिन र उठ्दिन पनि । मेरो काम तपाईहरुको समुदायमा काम गर्ने पो हो त !' मैले सम्झाउने प्रयास गरेँ ।
'ए उठ्नु हुन्न ? तपाईं उठ्नु भएको भए हामी सबैले तपाईलाई नै भोट दिएर जिताउँथ्यौं नि !'

२०७९ मंसिरमा भएको स्थानीय तह चुनाव सुरु हुनुभन्दा केही हप्ता अगाडी सुन्दरहरैंचा नगरपालिकाको वडा नं. ५ डीपु नमुना टोलभित्र ऋषिदेव समुदाय पुग्दा भएका कुराकानीका अंश हुन् यी ।

नगरका अन्य क्षेत्रहरुमा जस्तै डिपु नमुनालाई पनि चुनावी माहोलले छोपिसकेको थियो । विपन्न र सिमान्तकृत समुदायहरुमा चुनावलाई लिएर यस्तो माहोल हुन्छ भनेर मैले पहिला सोचेको थिएन ।

डीपु नमूनामामात्र होइन, सोही नगरको वडा नं ७ मा रहेको सिसौबारीका समुदायवासीको अपेक्षा पनि केही फरक थिएन । त्यस दिन समुदाय परिचालन कामको सिलसिलामा म त्यहाँ पुग्नुभन्दा पहिला समुदायका दिदीबहिनीहरु यदि म चुनावमा उठें भने मलाई नै समुदायका सबैले भोट दिनु पर्छ भनेर छलफल गरिरहनु भएको रहेछ । म त्यहाँ पुग्ने बित्तिकै वहाँहरुले मेरो उम्मेदवारीको बारेमा जिज्ञासा राख्नु भयो ।

हामीले काम गर्ने विपन्न तथा सिमान्तकृत समुदायका बासिन्दाहरुमा देखिएको चुनावी उत्साह मलाई निकै रोचक लाग्यो । स्थानीय तहमा चुनावी सरगर्मी गज्जब थियो । चुनावी माहोलले सबैलाई फरक फरक तरिकाले तताएको थियो । एकथरी महिनौ दिनदेखि दिनरात, घामपानी, घर केही वास्ता नगरी आफ्ना पार्टिका सक्रिय कार्यकर्ता भएर खटिएका थिए भने अर्काथरी बाहिरी रुपमा पार्टीमा नहिँडे पनि पार्टीप्रति आस्था राखेर पार्टीको चुनाव चिन्ह साथमा लिएर हिँडिरहेका थिए ।





कोही भने चुनाव नजिकिंदै गर्दा प्रचार प्रसारसम्मका लागि मात्र लागेका थिए । तर केहीलाई भने पार्टिगत मोह थिएन । मात्र चुनावसँग मतलब थियो र आफ्नो मताधिकारसँग मतलब थियो । त्यो वर्गमा अधिकांश विपन्न समुदायका मानिसहरु थिए र उनीहरुले चुनावमा राम्रो प्रतिनिधी जिताएर आफ्नो समूदाय एवं आफ्नो लागि भविष्यमा केही राम्रो गरिदेला भन्ने आशा पालेको पाएँ ।

सुन्दरहरैंचा नगरभित्र लुमन्तिले काम गरिरहेका विपन्न समुदायका बासिन्दाले मप्रति राख्नु भएको अपेक्षाले मलाई अझ धेरै जिम्मेवारीबोध त गरायो नै सँगै समुदायले म जस्तो विकासे कार्यकर्तालाई किन आफ्नो प्रतिनिधीको रुपमा राखे त भन्ने कुरामा मलाई घोत्लिन कर लाग्यो ।

२०७४ मा सम्पन्न स्थानिय चुनावपश्चात वडा स्तरमा भौतिक पूर्वाधार निर्माणका कामहरुले व्यापकता पायो । तर सिमान्तकृत समुदायहरुमा कनिका छरे जसरी' बजेट खर्च गरेर भौतिक, सामाजिक, महिला तथा बालबालिका केन्द्रीत अधिकाशं बजेट सीमित पहुँचवाला समुदाय तथा परिवारहरुको लाभका लागि विनियोजन भएको गुनासो विपन्न र पिछडिएका समुदायवासीहरुले गर्ने गरेको पाएको छु ।

ती समुदायका मानिसहरुमा पर्याप्त सूचनाको अभाव, कमजोर आर्थिक अवस्था र सरकार तथा सम्बन्धित निकायमा पहुँच नभएका कारण नै उनीहरुको समूदायमा विकास निर्माण लगायत सामाजिक, आर्थिक तथा अन्य प्रकारका सुविधा पुग्न नसकेको मेरो बुझाई छ । लुमन्तिमा समुदाय परिचालकको हैसियतमा काम गरिरहँदा पनि मैले यहीँ अनुभूति गरेको छु ।

लुमन्तिको प्रतिनिधिको रुपमा मैले सुन्दरहरैंचाका समुदायहरुमा सहजिकरण गरी रहँदा स्थानीयहरुले खोजेको विकास तथा परिवर्तन फरक रहेको पाएँ । समुदायहरुले जनप्रतिनिधि तथा सरकारी कर्मचारीहरु उनीहरुसँग बसेर कुराकानी गर्ने, सुखदुखमा सहयोग गर्ने, नजानेका कुराहरु सहज तरिकाले सिकाउने, सिकाउन असमर्थ भए आवश्यक सहजीकरण गरिदिने, टोल विकास संस्थामार्फत सामुदायिक विकासको कुराहरु गर्न चाहेको मैले महशुस गरे ।



सुन्दरहरैचा-लुमन्तिका वरिष्ठ सामाजिक परिचालिका श्री जीतबहादुर श्रेष्ठ ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।

हामी यस पालिकाभन्दा बाहिरको व्यक्ति भएर पनि समुदायका मानिसहरुको मन जित्न सफल भएका छौँ तर स्थानीय जनप्रतिनिधिहरु अझै पनि सम्बन्धित नगर तथा वडाका समुदाय र व्यक्तिहरुसम्म पुग्न सकेका छैनन् । विकासका योजना ल्याउन के गर्नु पर्छ ? कहाँ–कसरी जाने भन्ने कुरा समुदायलाई सिकाउन, बुझाउन सफल भएका छैनन्,सकिरहेका छैनन् ।

चुनावका बखत तिम्रो समुदायमा यस्तो गर्छौं, त्यसो गर्छौं, यो–त्यो बनाइदिन्छौँ भन्ने तर निर्वाचित भएपछि सबै कुरा बिर्सने र समुदायबासी सोध्न आउँदा प्रकृया पुर्याएर आउ भनेर ओठे जवाफ फर्काउने तर केही सहजीकरण नगर्ने जस्ता अनेकन दृष्टान्तहरु समुदायमा घुम्दा हामीले सुनेका छौँ ।

मेरो विचारमा जनप्रतिनिधिहरुले ‘यसरी काम गर्नुहोस्, तपाईहरुको योजना/विकासमा हामी साथ दिन्छौँ भन्ने र प्रकृया सिकाएर सहजीकरण गर्ने हो भने पक्कै पनि स्थानीयको मन सहजै जित्न सक्थे होलान् । भनाई नै छ नि, ‘कसैलाई माछा मारेर दिनुभन्दा माछा मार्न सक्ने सिप सिकाए उत्तम हुन्छ ।’ माछा मार्न सिप सिकाए जस्तै समुदायका मानिसहरुलाई योजना निर्माण, बजेट माग र कार्यान्वयन विधि सिकाउन सके स्थानीयस्तरमा रहेका विपन्न, सीमान्कृत र पिछडिएका समुदायका मानिसहरुले पनि अन्य समुदायकै दाँजोमा विकासमा अघि बढ्न सक्नेमा दुई मत रहँदैन ।

आमनागरिकको समस्यासँग भिजेर उनीहरुकै आवाज बनेर लामो समय धरानमा काम गरेका धराने स्वतन्त्र युवा हर्क साम्पाङ राईले राजनीतिक दलका सबै हस्तिहरुलाई पछि पार्दै हालैको स्थानिय निर्वाचनमा धरान उपमहानगर पालिकाको प्रमुख पदमा निर्वाचित हुनुले पनि आमनागरिकले कस्ता प्रतिनिधि चाहन्छन् भन्ने प्रमाणित गरिसकेको छ । अर्को तर्फ देशको संघीय राजधानी काठमाडौंले पनि मेयरका रुपमा विकासको स्पष्ट योजना भएका एक शिक्षित स्वतन्त्र युवालाई नै चयन गर्नु र उपमेयरमा पनि युवालाई नै आफ्नो मत दिनुले पनि आमनागरिकले अब समाज बुझेका र समाजसंगै मिलेर काम गर्न रुचाउने सक्षम युवा पुस्ताको नेतृत्व चाहेको भन्दा गलत नहोला !

## अनि भयो खानेपानीको पाइपलाइन विस्तार...!

खैरहनी नगरपालिका वडा नं ११ मा छन्, सिद्धार्थ र हरियाली टोल । यी दुई टोलमा ३०० घरधुरी बसोबास गर्छन् । टोलका अधिकाशं मानिस मेलापात र जंगलमा घाँसदाउरा गरी जीविकोपार्जन गर्छन् । २०३६ सालमा मानिस बस्न सुरु गरेको सो क्षेत्रमा चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको कुचकुचे सामुदायिक वनतर्फ २०५० सालमा बाढी आएपछि झनै मानिस थपिएका थिए ।

ब्राह्मण, क्षत्री, जनजाति, दलित सबैको बसोबास रहेको सो क्षेत्रका अधिकाशं घर खरले छाएका र खडाईले बारिएका छन् । पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरुले पक्की ढलानसहितको घर बनाउन थालेका छन् । २०५० सालमा गाउँ विकास समितिले नापजोख गरिदिएपछि त्यहाँका बासिन्दाले आफूले सके अनुसारको घर बनाएर बस्न सुरु गरेका थिए । ऐलानी नै भएपनि सो क्षेत्रका अधिकाशंसँग रातो र सेतो लालपुर्जा छ । कित्ताकाट भइसकेका केही जग्गाका लालपुर्जा स्थानीयले पाउन बाँकी छ ।

बस्ती बसेको चार दशकसम्म स्थानीयले दैनिक प्रयोजनका लागि चापकलको पानी प्रयोग गरे ।

२०६४ सालमा कठार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको स्थापना भयो । उक्त संस्थाले सिद्धार्थ र हरियाली टोल आसपासका ठाउँमा खानेपानीको पाइपलाइन विस्तार गरेपनि विपन्न समुदायमा पाइपलाइन विस्तार भएको थिएन ।

वर्षौसम्म चापकलको पानी पिइरहेका स्थानीय पानीमा फोहोर आउन थालेपछि आजित भएका थिए । २०७७ सालमा लुमन्तिले सो क्षेत्रमा काम गर्न थालेपछि स्थानीयले सबैभन्दा पहिलो समस्या नै पिउने पानी रहेको बताए ।

लुमन्तिले समस्या पहिचान, समाधानका उपाय, हक अधिकार प्राप्तिका लागि गर्नुपर्ने कामका विषयमा स्थानीयलाई जानकारी गराउँदै समुदायलाई अग्रसर गर्न थालेपछि पिउने पानीको समस्या वडा हुँदै नगरसम्म पुग्यो ।



समस्याका विषयमा कुरा उठ्न थालेपछि लुमन्तिको समन्वय र भरतपुर खानेपानीको प्राविधिक सहयोगमा हरियाली र सिद्धार्थ टोलका ६ चापकलमा पानी परिक्षण भयो । सो क्रममा सबै चापकलका पानीमा दिशाजन्य किटाणु ‘कोलिफर्म’ देखा पर्यो । कोलिफर्म पाइएको रिर्पोटसहित स्थानीय वडा कार्यालय पुगे ।


वडा कार्यालयमा रिर्पोट पेश भएपछि वडाध्यक्ष दिपेन्द्र दराईले शुद्ध पानी मानिसको जीवनयापनका लागि अपरिहार्य रहेकाले छिटो समुदायमा खानेपानीको पाइप लाइन विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे । समुदायवासीले वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यको उपस्थितीमा खानेपानीको पाइपलान विस्तारका लागि लगातार छलफल सुरु गरे । सोको उपलब्धी पाइपलाइन विस्तारका रुपमा प्राप्त भयो ।

कठार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था र खैरहनी नगरपालिका वडा नं ११ ले संयुक्त रुपमा दुई लाख बराबरको खानेपानीको पाइपलाइन सिद्धार्थ टोलमा विस्तार गर्यो । आफ्नो क्षेत्र छेउछाउ पाइप विस्तार भएको १३ वर्षपछि पिउने पानीको पाइपलाइन गाउँमा आउँदा सिद्धार्थ टोल विकास संस्थाका अध्यक्ष रामशरण बरुवालले लुमन्ति, वडा र नगरपालिकालाई धन्यवाद दिए ।

सिद्धार्थ टोलमा पाइपलाइन विस्तार भएको अर्को वर्ष हरियाली टोलमा पाइपलाइन विस्तार गरियो । पाइपलाइन विस्तारका लागि वडासँग अपर्याप्त बजेट रहेकाले तीन सय ८५ मिटर पाइप कठार खानेपानीले र पाइप खन्न र पुर्ने कार्यका लागि लुमन्तिले ६० हजार रुपैयाँ उपलब्ध गराउने सम्झौता भयो र सोही अनुसारको काम सुरु भयो ।

पाइपलाइन विस्तारको काम सुरु भएपछिको अनुभव स्थानीय महिला समूहकी सदस्य चन्द्रवति भण्डारी सुनाइन् ‘लुमन्तिको सहयोगमा पानी परिक्षण गर्दा कोलिफर्म पाइएपछि हामी डरायौँ । समस्या तुरुन्त समाधान हुनुपर्छ भन्दै वडाध्यक्ष र कार्यपालिका सदस्यसमक्ष कुरा राख्यौँ ।





वहाँहरुले कठार खानेपानीसँग समन्वय गर्नुभयो । अहिले पाइपलाइन विस्तारको काम सुरु भएको छ । हामी खुशी छौँ ।'

दुवै टोलमा पाइपलाइन विस्तार त भयो तर समुदायबासीले पानी पिउन अझै पाएका थिएनन् । धारा जडानका लागि प्रति धारा आठ हजार पाँच रुपैयाँ खानेपानीमा दस्तुर र अन्य आवश्यक सामग्रीका लागि पाँच हजार गरी कुल १३ हजार पाँच रुपैयाँ लाग्ने भयो ।

आर्थिक अवस्था कमजोर रहेका कारण धारा जडानमा समस्या भएपछि स्थानीयले सामुदायीक भेला डाके । भेलाले वडाका सिफारिसमा बस्तीका २१ घरधुरीलाई शुद्ध पिउन पानीमा पहुँच पुर्याउन लुमन्तिले प्रति घर ५ हजारका दरले सहयोग रकम उपलब्ध गराउने निर्णय गर्यो । सो सहयोगको लाभ लिँदै धारा जडान गरेर स्थानीयले शुद्ध पिउने पानी प्रयोग गर्न थाले ।

वर्षौंदेखि चापकलको पानी प्रयोग गरिरहेका सुकुम्बासी समुदायमा शुद्ध पिउने पानीको पहुँच पुगेपछि खैरहनी नगरपालिका पनि प्रफुल्ल छ ।

खैरहनी नगरकार्यपालिका सदस्य गोमादेवी घर्तीले सहयोगी सबैलाई धन्यवाद व्यक्त गरेकी छिन् ।

'पानी परिक्षणका क्रममा वर्षौंदेखि प्रयोग भइरहेको चापकलको पानीमा कोलिफर्म देखिँदा स्थानीयसँगै हामी सबै आत्तिएका थियौँ' घर्तीले थपिन्, 'तर त्यसपछि जसरी काम भयो त्यो सराहनीय छ । समस्या समाधानका लागि स्थानिय, लुमन्ति, कठार खानेपानी र वडा कार्यालयले पुर्याएको सहयोगका लागि नगरपालिका कृतज्ञ छ ।'

सिद्धार्थ टोल विकासका सदस्य एवम् स्थानीय भीम गिरी लुमन्तिका कारण स्थानीय जनप्रतिनिधिसँग नजिक भएर कुरा गर्न सक्ने भएकाले समस्या समाधान हुन थालेको अनुभव सुनाउँछन् ।

'टोलमा समस्या त भइहाल्छ तर कसलाई भन्ने, कसरी भन्ने थाहा हुँदैन थियो । कुरा राखे पनि हाम्रो माग खासै सुनुवाइ हुँदैनथ्यो । लुमन्तिले यो विषयमा हाम्रो लागि सहजीकरण गरेको छ । पिउने पानी परिक्षण, त्यसपछि वडा र खानेपानीसँग पटकपटक छलफल, स्थानीयलाई समस्या समाधानमा अग्रसरता गराउन लुमन्तिले मेहनत गरेकै कारण अहिले हामीले शुद्ध पिउने पानी प्रयोग गर्न पाएका छौँ । हामी खुशी छौँ ।'

खैरहनी-लुमन्तिका वरिष्ठ सामाजिक परिचालिका श्री रंजित खनाल देवकोटा ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।


सुधार हुन् अगाडिको समुदायको बाटो

## समन्वय र सहकार्यले ल्याएको परिवर्तन

सिस्वा राम टोलमा ४६ घरधुरी बसोबास गर्छन् । कलैया उपमहानगरपालिका वडा नं २६ मा रहेको उक्त टोलमा आवगमनमा समस्या थियो । सार्वजनिक बाटो नभएका कारण त्यहाँका मानिस अर्काको जग्गा हुँदै हिँड्ने गर्थे । जग्गावालाले कहिले कराउने त कहिले बाटो छेक्ने काम गरिरहने भएकाले राम टोलबासीलाई झनै समस्या थपिएको थियो ।

अन्य बेला सहज हुने भएपनि वर्षायामको समयमा पानीको निकास नहुँदा टोलबासी जमेको पानी र हिलाम्मे आँगन हुँदै हिँड्डुल गर्न बाध्य थिए । चिप्लो र हिलोमा हिँड्दा बुढापाका र बालबालिका लड्ने, चोटपटक लाग्ने समस्या थियो ।

'बाटो र नाला नहुँदा टोलमा हिँड्डुल गर्न नै समस्या हुन्थ्यो' महिला बचत समूहकी संयोजक घोघरी देवीले भनिन्, 'समस्या लिएर सम्बन्धित निकायमा जाँदा पनि कहिल्यै सुनुवाई भएन ।'

समुदायवासीको अनुरोध र लुमन्तिको समन्वयमा कलैयाका नगर प्रमुख र वडा अध्यक्षसहितको टोलीले राम टोलको भ्रमण गर्यो । भ्रमणका क्रममा नगर प्रमुख समक्ष स्थानीयले नालासहितको बाटोका माग गरे ।

तर बाटो निर्माण गर्न जग्गा कित्ताकाट नभएको हुँदा समुदायवासीलाई नै सो कार्यका लागि जिम्मेवारी दिइयो । उपमहानगरले दिएको जिम्मेवारी पूरा गर्दै स्थानीयले आ–आफ्नो जग्गाबाट बाटो निर्माणका लागि १३ फिट जग्गा दिने तर बाटो नगरले निर्माण गरिदिनुपर्ने प्रस्ताव अघि सारे ।

बाटो निर्माण कार्यका लागि वडा कार्यालयबाट १४ लाख र लुमन्तिबाट एक लाख रकम विनियोजन भयो । बजेट विनियोजन त भयो तर बाटो निर्माणको काम अगाडी बढ्न सकेको थिएन । त्यसपछि लुमन्तिको सहजीकरणमा समुदायमा उपभोक्ता समिति गठन भयो । तैपनि काम हुन सकेन ।

पछि वडा अध्यक्ष आफ्नो उपस्थितीमा लुमन्तिले सहजीकरण गरेर नौ सदस्यीय उपभोक्ता समितिपुनःगठन भयो र बाटो निर्माण कार्यले गति लियो । समितिका पदाधिकारीहरुले आ–आफ्नो लगानीमा पहिलो चरणको बाटो निर्माणको कार्य सुरु गरे । अन्ततः सबैको सहभागीतामा राम टोलमा एक सय ८२ मिटर लम्बाइको बाटोको निर्माण कार्य सम्पन्न भयो ।

बाटो निर्माण भएसँगै समुदायका मानिसलाई हिँड्डुल गर्न सहज भएको छ । अर्काको जग्गाबाट आवतजावत गर्नुपर्ने बाध्यताबाट उनीहरुले मुक्ति पाएका छन् । बाटोको निहुँमा झगडा, वर्षायामको समयमा केटाकेटी र वृद्धवृद्धा हिलाम्मे बाटोमा चिप्लिदै हिँड्नुपर्ने अवस्थाको अन्त्य भएको छ ।

कलैय-लुमन्तिका समुदाय परिचालक श्री अजय यादव ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



सुधार भैसकेपछिको समुदायको बाटो



## विपन्न परिवारको सहयोगका लागि नगर स्तरीय कोष

कुमरोज र सिसहानीको सिमाना रहेको नहरको छेउमा छ सुन्दरबस्ती । नामजस्तै सुन्दर बस्तीमा ४५ घर छन् । खैरहनी नगरपालिकाको वडा नं १२ मा पर्ने यस बस्ति चितवन राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा बसोबास गरिरहेका विपन्न परिवारहरुलाई २०४७ सालमा साना किसान सहकारीले उपलब्ध गराएको जग्गामा स्थानान्तरण गरि बसालिएको हो ।

चौधरी समुदायको बाहुल्य रहेको बस्तीमा छिटफुट अन्य जातीका मानिसहरु बसोबास गर्छन् । सामान्य जीवनशैली रहेको बस्तीका मानिसहरुका घर पनि सामान्य प्रकृतिका छन् ।

अधिकाशं घरका छाना खरले छाइएका छन् भने औलामा गन्न सकिने संख्यामा पक्की घर छन् । बुद्धिमाया वि.क.को परिवार यही सुन्दरबस्तीका वासिन्दा हुन् ।

सिमलटाँडी, झौलाया हुँदै सुन्दरबस्ती आइपुग्दासम्म वि.कको दुईटै सपना थियो - पहिलो छोराछोरीलाई राम्रो पढाउने, अर्को आफ्नै जग्गामा घर बनाउने ।

छोराछोरीलाई पढाउँदै उनले जग्गा जोड्न त भ्याइन् तर सानो चिटिक्क घर बनाउने उनको सपना पूरा हुन भने बाँकी नै थियो ।

विक दम्पत्तीका दुई छोरी र एक छोरासहित पाँच सदस्यीय परिवार छ । ५१ वर्षीया विक घरखर्च चलाउन दिनरात ज्यालामजदुरी गर्छिन् । उनलाई उनका पेन्टिङ पेशामा आबद्ध श्रीमानले सघाउँछन् ।

विकका श्रीमान् रोजगारी र कान्छी छोरी अध्ययनको सिलसिलामा काठमाडौंमा बस्छन् । जेठी छोरीको विवाह भइसकेको छ । सुन्दरबस्तीमा विक र कान्छो छोरा मात्रै बस्छन् । छोरा विद्युतीय सामग्री मर्मतको तालिम लिइरहेका छन् ।

सुन्दरबस्तीमा स्थायी बसोबास गर्नुअघि विक परिवार एक ठाउँमा लामो समयसम्म कहिल्यै बसेन । परिस्थितीले बस्न पनि दिएन । हात लागेका सबै काम गर्न जान्ने उनका श्रीमान् होटलमा काम गर्ने क्रममा घाइते भए । बोतल फुटेर उनको आँखामा लाग्यो । चोट लागेको आँखाले विक परिवारलाई अझै सताइरहन्छ ।

आर्थिक विपन्नता, तीन छोराछोरी र घाइते श्रीमानसंगै जीवनलाई अघि बढाउन विकलाई कम गाह्रो भएन तर पनि उनले कहिलै हिम्मत हारिनन् ।

सुन्दरबस्तीमा सानो खरको घर बनाएर बसेपछि भने विक परिवार पहिला जस्तो अन्यत्र बसाइँ सरिराख्नु पर्ने झन्झटबाट मुक्त भयो ।

खेतीपाती र ज्यालामजदुरीको काम सुन्दरबस्ती क्षेत्रमा सजिलै पाउने भएकाले विक आफैंले पनि थोरबहुत नियमित आम्दानी गर्न थालिन् । तर विक दम्पत्तीको कमाइ छोराछोरी पढाउन र बिहानबेलुकाको छाक टार्न ठिक्क हुन थाल्यो । छोराछोरी पढाउने सपना पूरा हुँदै गएपनि विक परिवारलाई घर बनाउने सपना पूरा गर्न धौ–धौ भयो ।

घर बनाउने इच्छा ‘आकाशको फल आँखा तरि मर’ भएको बेला सहरी गरिब सहयोग कोष विक परिवारका लागि सहयोगी बन्यो । लुमन्ति आवासका लागि सहयोग समूहको अग्रसरता र खैरहनी नगरपालिकाको सहकार्यमा नगर स्तरीय कोषको व्यवस्था भएपछि बुद्धि मायाले त्यही कोषबाट सुपथ ब्याजदरमा बिना कुनै धरौटी रु ५००००/०० आवास कर्जा सुबिधा पाइन् । उनले आफू आबद्ध अन्नपूर्ण सहकारी संस्थाबाट पनि थप रु २,५०,०००/०० ऋण र दैनिक खर्चबाट जोगाएको केही बचतले घर बनाउने आफ्नो सपना पुरा गरिन् ।

तीन लाख लागतमा विक परिवारले सिमेन्टको पिल्लर, ब्लक र टीनको छानोसहितको चिटिक्क घर निर्माण गरेको छ । घर बनेसँगै वर्खामा पानी पस्ने, हुरीबतासको समयमा छाना उडाउने र आफू काममा जाँदा घरभित्र गाउँभरिका कुकुर बसेर दुर्गन्धित बनाउने समस्याबाट विकलाई मुक्ति मिलेको छ ।



‘बर्खा र बतासको बेला पहिले चिन्ताले रातभर सुत्न सकिँदैनथ्यो, कामबाट घर आउँदा कुकुरले गरेको फोहोर सफा गर्नुपथ्र्यो तर अहिले सबै समस्या टरेको छ’ खुशी हुँदै विकले भनिन्, ‘पहिलेको घरभन्दा यो घर धेरै गुणा बलियो, सफा र सुरक्षित छ ।’

कोषबाटै ऋण लिएर विकले अहिले घरमा शुद्ध पिउने पानीको धारा पनि जडान गरिसकेकी छिन् । खर्च कटाएर जोगिएको पैसाले घरमा प्लास्टर र रङ्ग लगाउने उनको इच्छा छ ।

‘कमाएको पैसाले नियमित ऋण तिरिरहेका छौँ । तालिम सकेर छोराले र पढाइ सकेर छोरीले पनि कमाउन थालेपछि ऋण तिर्न सजिलो हुन्छ’ सुखद भविष्य सम्झँदै विकले भनिन्, ‘आम्दानीमा भरथेग हुन्छ भनेर दुई वटा बाच्छी पनि पालिरहेकी छु । घर बनेपछि हामी एकदमै खुशी छौँ ।’

खैरहनी-लुमन्तिका समुदाय परिचालक श्री कृष्ण पौडेलज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।

## धारा जडानले परिवारमा ल्याएको खुशी

‘दिदी, दिदी हाम्रो घरमा नि पानीको धारा राख्ने रे !’
प्रेम दर्जीकी कान्छी छोरी आफ्नी दिदीलाई धारा आउने खबर सुनाउँदै दौडिरहेकी थिइन् ।
सानी छोरीले ठूली छोरीलाई सुनाएको खबर सुनेर दर्जीका आँखा रसाए ।
सन्तानका इच्छा अनुसार प्रशस्त शुद्ध पिउने पानी उपलब्ध गराउन नसकेकोमा दर्जी चिन्तित थिए ।

सुन्दरहरैंचा–११ निवासी दर्जीले पिउने पानीका लागि गर्नु परेको दुःख कम थिएन । श्रीमती चन्द्रकला परियार वैदेशिक रोजगारको सिलसिलामा कतारमा रहेकाले तीन छोरी र एक छोराको पालनपोषण गर्नुपर्ने जिम्मेवारी दर्जीसँगै थियो । एकातिर सन्तानलाई दिनुपर्ने समय अर्कातिर दैनिक ज्यालामजदूरी गर्नुपर्ने बाध्यता अनि सँगै थपिएको पिउने पानी जुटाउनु पर्ने समस्या । यी तीन पक्ष व्यवस्थापन गर्न दर्जीलाई हम्मेहम्मे परिरहेको थियो ।

आर्थिक अवस्था कमजोर रहेका कारण दर्जीले पानीका लागि कल जडान गर्न सकेका थिएनन् । पानीका लागि छिमेकीको घर धाउन पर्ने बाध्यता थियो । एक भाँडा पानीको लागि छिमेकीको कठोर वचन सहनु परेको पीडा दर्जीको मनमा अझै छ । अझ छिमेकीले आफ्ना स–साना छोराछोरीलाई गरेको व्यवहार सम्झेर उनी धेरै पटक रोएका छन् ।

‘ज्यालामजदूरी गर्ने भएकाले घरबाट बिहान निस्किएर बेलुका मात्रै फर्किन्थे । दिनभरी घरमा के–के हुन्छ केही थाहा हुँदैन्थ्यो । बेलुका छोराछोरीले पनि डरले केही सुनाउँदैननथे । मलाई देख्न बित्तिकै रुन थाल्थे’ छिमेकीको कठोर व्यवहार सम्झँदै उनले थपे, ‘घर आइपुग्नासाथ एकातिर छोराछोरी रुन्थे अर्कातिर छिमेकीको गनगन सुरु भइहाल्थ्यो । कहिले मेरा छोराछोरीले उनीहरुको धारा वरपर फोहोर गरेको सुनाउँथे, कहिले धारा बिगारिदिएको सुनाउँथे ।’

सधैँको छिमेकीका गनगन सुनेर उनलाई दिक्क लाग्थ्यो तर आफ्नोमा कल/धारा नभएपछि उनलाई सुन्न कर नै लाग्थ्यो ।



छिमेकीले छोराछोरीप्रति गर्ने कठोर वचन र नराम्रो व्यवहारले बाल मस्तिष्कमा परिरहेको नकारात्मक प्रभावप्रति दर्जी बेखबर त थिएनन् तर समस्याको हल तत्काल निकाल्न सक्ने उनीसँग सामर्थ्य थिएन ।

आफू र श्रीमतीको आम्दानी जोगाएर र कर्जा लिएर दर्जीले बल्लतल्ल आँगनमा कल गाडे । पानीको समस्या समाधान हुने सोचेर खुशी भएका दर्जी कलबाट बालुवा मिसिएको पानी मात्र आउन थालेपछि खङ्ग्रङ्डै भए ।

पिउन योग्य पानी कलबाट नआएपछि फेरि उनले पानीका लागि छिमेकीलाई बिन्ती बिसाए । बिहान–बेलुका पिउने पानी लिनका लागि मात्रै धारा प्रयोग गर्न दिने र उठेको बिलको आधा रकम तिर्नु पर्ने शर्त छिमेकीले अघि सारे । दर्जीसँग शर्त मान्नुको विकल्पै थिएन । उनी राजी भए ।

शर्त अनुसार दर्जीले बिहान–बेलुका पिउनका लागि मात्रै पानी ल्याउन थाले । यता छिमेकीले त्यहीँ धाराको पानीले नुहाउने, गाईवस्तुलाई खुवाउने,बारीमा प्रयोग गर्ने, लुगाधुने गर्थे । मासिक आधा रकम तिर्ने शर्तमा धारा प्रयोग गर्ने सम्झौता गरेका दर्जीलाई पानीको मुल्य महङ्गो पर्यो । यस विषयमा छिमेकीसंग कुरा उठाउन त मन थियो उनलाई तर बोले परिवार पानीको पहुँचबाट टाढा हुने निश्चित भएकाले उनी मौन रहे ।

सुन्दरहरैचा-लुमन्तिका समुदाय परिचालक श्री वर्षा निरौला ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



## कल्पना पनि नगरेको घर विपनामा बन्दाको खुसि



'ए सितावाके माई बररीया मुवावत बाडि ओमेसे हमरो के दिए....'
(ए सिताकी आमा माछा मारेपछि मलाई पनि दिनु है !)

कलैया उपमहानरपालिका–१४ स्थित पासवान टोलकी ४५ वर्षीया बुधियादेवी पासवानलाई वर्षायाम लाग्ने बित्तिकै छिमेकीले यही भन्दै जिस्काउँथे ।

सबैले उनलाई जिस्काउने कारण एउटै थियो, 'वर्खामा छाना र आँगनको पानी घरभित्र पस्नु !' वर्षायामका हरेक रात पासवान र उनका श्रीमान घरभित्र पसेको पानी नालामा फालेर बिताउँथे ।

६ जनाको परिवारलाई पासवान दम्पत्तीले अर्काको खेतमा काम गरेर कमाएको ५–१० किलो धान, गहुँ र अलिकति पैसाले पुगनपुग हुन्थ्यो । रकम अभावकै कारण उनीहरुले सुरक्षित घर बनाउने सपना पूरा गर्न सकेका थिएनन् । हिउँदमा खासै समस्या नभए पनि वर्षायाम सुरु हुने बित्तिकै सबै जना छिटो–छिटो खान खाएर बाल्टिन, जग र अन्य भाँडाकुँडा बटुलेर पानी थाप्न बस्थे । आँगन अग्लो र घर होचो भएकाले पानी सबै घरभित्र पस्थ्यो । भित्ताहरुमा मुसाले प्वाल बनाएकाले चारै तिरबाट घरभित्र पानी पस्थ्यो । वर्षातको समयमा कुन दिन घर भत्किन्छ भन्ने चिन्ताले पासवान दम्पत्तीलाई सधै सताइरहन्थ्यो ।

पानीले किताब–कापी भिजाउने भएकाले पासवान दम्पत्तीका छोराछोरीले वर्षायाममा धेरै दिन विद्यालय जान पाउँदैनन् थिए । जसले उनीहरुको अध्ययनमा असर गरिरहेको थियो । ठूलो परिवार र हुर्किदै गएका सन्तानसँग एउटै कोठामा बस्नुपर्ने बाध्यता कष्टदायी थियो ।

गतिलो घर नभएकै कारण समस्या पर्दा आफूहरुलाई छिमेकीहरुले सापटी समेत नदिने गरेको उनीहरुसँग नमिठो अनुभव छ । 'हाम्रो घर कहिले बन्छ आमा भन्दै छोराछोरीले सोध्ने गर्थे । त्यो समयमा मलाई एकदमै रुम मन लाग्थ्यो, सम्झाइबुझाइ उनीहरुको त चित्त बुझाउँथे तर आफूलाई सम्हाल्न गाह्रो हुन्थ्यो' निन्याउरो अनुहार बनाउँदै उनले विगत सम्झिन्, 'हाम्रो पनि दुःखका दिनहरु जानेछन्, हाम्रो पनि राम्रो घर हुनेछ भनेर श्रीमानले सान्तवना दिनुहुन्थ्यो । म सम्हालिन्थे ।'

लुमन्ति आवासका लागि सहयोग समूहले २०७७ सालदेखि समुदायमा विकास निर्माण, जीविकोपार्जन लगायतका कार्यक्रम सञ्चालन गर्न थालेको थियो । सोही क्रममा पासवान टोलमा बुधियादेवीले महिला बचत समूहको संयोजकको रुपमा काम गर्न थालिन् । लुमन्ति र समूहमार्फत सञ्चालन हुने सामुदायिक विकास कार्यक्रम र चेतनामुलक अमियानमा उनको सहभागिता बढ्न थाल्यो ।




यसै क्रममा समुदायभित्रका विपन्न वर्गलक्षित आवास निर्माणको कार्यक्रमका लागि बुधियादेवी लगायत अन्य ४ परिवार छनोट भएको हो ।

लुमन्तिको सहयोगमा अहिले बुधियादेवीको चिटिक्कको नयाँ घर निर्माण भइसकेको छ । सामुदायिक विकास कार्यक्रमअन्तर्गत घर निर्माणका लागि उनलाई लुमन्तिले एक लाख ४० हजार रुपैयाँ सहयोग गर्यो । निर्माणमा अपुग ३० हजार रकम उनले आफू आबद्ध महिला सहकारीबाट सुलभ ब्याजदरमा ऋण लिइन् । हाल उनको आफ्नै सुरक्षित घर बनाउने सपना पुरा भएको छ ।

जीवनमा आफ्नो पक्की घरको कल्पना समेत नगरेकी बुधियादेवी लुमन्तिको सहयोगमा नयाँ घर बनेपछि निकै खुशी छिन् । 'हाम्रा दुःखका दिन गए । अहिले धेरै आराम छ । छोराछोरी पनि खुशी छन्' उनले आफ्नो आगामी योजनाबरे भनिन्, 'अन्य गरिब परिवारहरुको घर निर्माण र समस्या समाधान गर्न म सहयोग गर्छु । महिला समूहमा सदस्य बन्न र बचत गर्न समुदायका दिदीबहिनीहरुलाई प्रेरित गर्छु ।'

कलैया-लुमन्तिका समुदाय परिचालक श्री सूर्यराज पासवान ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



## जनयुद्धदेखि सामाजिक अभियन्तासम्मको यात्रा

श्यामबहादुर अधिकारी बिहान पाँच बजे पसल खोल्थे । दिनभर पसलमा व्यापार गरेर रातिमात्रै घर फर्कने उनलाई आफू र आफ्नो व्यवसायबाहेक अन्य केहीको जानकारी हुँदैनथ्यो । बस्तीका मानिस, संघसंस्था, विद्यालय लगायतका कुनै पनि विषयमा उनले चासो राख्ने मौका पाउँदैनथे ।

घरको आर्थिक अवस्थाका कारण अधिकारीले अध्ययन बीचमै त्यागे । देशमा माओवादी जनयुद्ध सुरु भएको थियो । उनी केही वर्ष जनवादी आन्दोलनमा होमिए ।

आमाबुबाको आग्रहमा २०६३ मा घर फर्किए पछि उनी घरायसी काममा व्यस्त हुन थाले ।

२०७१ सालमा दाइसँग मिलेर उनले पर्सा चोकमा मासु पसल सञ्चालनमा ल्याए । अनुभव बटुल्दै गएपछि उनलाई आफू एक्लैले पसल सञ्चालन गर्न सक्ने आँट आयो । २०७३ सालमा उनले ज्यामिरे चोकमा ‘रोयल मासु’ पसल सञ्चालनमा ल्याए ।

अध्ययन छाडे पनि पढाइमा अब्बल उनी व्यापारमा जम्न थाले । उनलाई समुदायका मानिसहरुले नयाँ बस्ती युवा समूहको कोषाध्यक्षको रुपमा रहेर काम गर्न अनुरोध गरे । सोही दिनबाट सामाजिक कार्यमा सक्रिय बनेका अधिकारीको सक्रियता हालसम्म निरन्तर छ । समूहमा रहँदा लुमन्तिमार्फत सञ्चालित कार्यक्रममा सक्रिय सहभागिता जनाएका उनले सामाजिकभित्रका विभिन्न समस्याहरु थाहा पाए । ति अनेक समस्याहरु मध्ये सुकुम्बासी र लालपुर्जाको विषयलाई प्राथमिकतामा राखी उनले काम गर्न सुरू गरे ।

‘ऐलानी जग्गामा बसोबास गरिरहेका हामीलाई सरकारले लालपुर्जा सजिलै दिन्छ भन्ने लागेको थियो तर हाम्रो समुदाय, रत्ननगर नगरपालिका लगायत अन्य पालिकाका सुकुम्बासीहरुले पटक–पटक माग गर्दा पनि लालपुर्जा नपाएको थाहा भयो’ अधिकारीले भने, ‘लालपुर्जा प्राप्त गर्न हामी एकजुट भएर सरकारलाई सचेत

गराउनु पर्ने र माग सुनुवाई नभए संघर्षका कार्यक्रम अघि बढाउनु पर्ने आवश्यकता महशुस भयो । त्यसपश्चात यस विषयमा काम गर्ने संस्था, नेपाल बसोबास बस्ती संरक्षण समाजको सदस्य बने ।' समाजको खैरहनीनगर समितिको साधारण सदस्यबाट सुकुम्बासीको मुद्दा स्थापित गर्न लागि परेका उनी हाल सचिव पदमा नियुक्त भएका छन् ।

'दुई–चार जनाको समूहमा बोल्न र घुलमिल हुन असहज हुन्थ्यो । नगर समितिको कार्यालय स्थापना गर्दा मलाई एक्कासी स्वागत मन्तव्य दिन बोलाइयो । बिना तयारी कार्यक्रममा उपस्थित भएको म अलमलमा परे । तर साथीहरुले हौसला दिनु भएपछि प्रयास गरे ।

त्यसबखत मलाई के थाहा भयो भने नेतृत्व लिन सबैभन्दा पहिले बोल्न सक्ने हुनु पर्ने रहेछ' उनले थप भने, 'भाषणकलाबारे लुमन्तिबाट जानकारी र नगरपालिकाबाट तालिम लिएपश्चात्त अहिले मन्तव्य मात्रै होइन कार्यक्रम सञ्चालन गर्न सक्ने भएको छु ।'

२०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनअघि राजनीतिक दलका प्रमुख, निर्वाचन आयोगका प्रतिनिधि र स्थानीय सहभागी कार्यक्रम अधिकारी आफैंले सञ्चालन गरे । उनी भन्छन्, 'आजभोलि बोल्न अप्ठेरो लाग्दैन । विषयवस्तु थाहा भयो भने जुनसुकै ठाउँमा पनि आफ्नो कुरा राख्न सक्ने आत्मविश्वास छ ।'

सामाजिक कार्यक्रम, अभियान र समाजमा सक्रिय उनले समय व्यवस्थापन गर्दै आफ्नो व्यवसायलाई पनि सँगै अघि बढाइरहेका छन् । लुमन्तिको कार्यक्रमले आफूमा आत्मविश्वास जगाइदिएको र समाजमा आफूलाई प्रस्तुत गर्न सक्ने अवस्था निर्माण भएको अधिकारी बताउँछन् ।

इच्छुकले सही समयमा अवसर र साथ पायो भने जुनसुकै काम गर्न सक्छ, क्रमिक रुपमा उसको नेतृत्व तथा व्यक्तित्वमा विकास हुन्छ भन्ने कुराको पक्का उदाहरणका रुपमा प्रस्तुत भएका छन्, 'श्यामवहादुर अधिकारी' ।







खैरहनी-लुमन्तिका समुदाय परिचालक श्री रंजिता देवकोटा खनाल ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।

## आवासको लागि सहयोग: असहायलाई राहत

कुनै चलचित्रको कहानीभन्दा कम छैन शिवलालको कहानी !

टोलमा मन्चन हुने नाटकहरुमा शिवलाल मण्डल दृष्टिविहीन पात्रको भूमिका निर्वाह गर्थे । फुर्सदमा नाटक गर्ने उनी जीतपुरमा रहेको कीटनाशक कम्पनीमा जागिरे थिए । श्रीमती र ६ सन्तानसहितको परिवार त्यहीँ जागिरले धानिएको थियो ।

अभावमा नै भएपनि जिन्दगी चलिरहेकै थियो तर एक्कासि उनको आँखामा समस्या देखिन थाल्यो । बिस्तारै शिवालालले एउटै चिजलाई दुईटा देख्न थालेको थियो । एकदिन वर्षायाममा हुरिबतास चलिरहेको बेला उनी कामबाट फर्किंदै गरेको थियो । उनको आँखामा धुलो पस्यो । उनी तिरमिराउन थाले । जसोतसो घर त पुगे तर उनको आँखामा ज्योति बताससँगै उडेर कतै गयो, फेरि फर्किएर आएन ।

उनी नाटकमा आफूले अभिनय गर्ने पात्रजस्तै दृष्टिविहीन बने । दृष्टि गुमाउँदा उनलाई त समस्या पर्यो नै उनको भर परेर बसेका परिवारलाई पनि समस्याले गाँज्न थाल्यो । एक छाक खाना र एकसरो कपडाका लागि श्रीमती र छोरीहरुले अर्काको घरमा बनी गर्न थाले ।

गाँस र कपास जसोतसो जोहो गरिरहेका मण्डल परिवारलाई बर्षायाममा बासको पनि दुःख थियो । घरमा पानी पसेर बस्नै समस्या भयो तर जसोतसो उनीहरुले वर्षायामहरु कटाइरहेका थिए ।

एकातिर गाँस, बास र कपास जुटाउनु पर्ने बाध्यता अर्कातिर छोरीको विवाह गर्नुपर्ने पीर ।

समस्याकै बीच मण्डल परिवारले जेठी छोरीको विवाहका लागि सहयोग गर्न समुदायसँग आग्रह गर्यो । सबैको सहमतिमा समुदायको क्षेत्रभित्रै रहेको निमको रुख बिक्री गर्ने र सो रकमले विवाह सम्पन्न गर्ने निर्णय भयो । उक्त रकमले मण्डल परिवारले जसोतसो छोरीको बिहे गराइदिए ।






त्यसपछि सिवलालले परिवार पाल्न आफ्नी माइली छोरीको सहयोगमा भारतबाट सामान ल्याई नेपालमा बिक्री गर्ने काम सुरु गरे ।

अपाङ्ग व्यक्तिलाई मालसामान ढुवानीका लागि सिमानामा भन्सार छुट रहेकाले उनले भारतबाट सामान ल्याएर कलैया बजारका विभिन्न पसलमा बिक्री गरि केही आम्दानी गर्न थाले ।


लुमन्ति र सहरी गरिव निवारण मञ्चले विभिन्न समुदायमा आवास निर्माण गरिरहेको थाहा पाएपछि समुदायका मानिसले मण्डल परिवारलाई लुमन्तिसँग सम्पर्क गराए र सहयोगका लागि आग्रह गरे ।

कलैय-लुमन्तिका समुदाय परिचालक श्री अजय यादव ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।




लुमन्ति र वडा कार्यालयले परिवारको अवस्था हेरि परिस्थिती मुल्याङ्कन गरेपछि आवास निर्माणका लागि मण्डल परिवारलाई आवास निर्माणका लागि सहयोग गर्ने निर्णय गर्यो । तदनुसार परियोजनामार्फत मण्डल परिवारको घर निर्माण भयो । घर बनेपछि अहिले मण्डल परिवारमा छुट्टै खुशी छाएको छ ।

‘पहिले हाम्रो समस्या बुझ्ने र समाधान गर्ने को होलान् भनेर हामी चिन्तित हुन्थौं । लुमन्ति र सहरी गरिव निवारण मञ्चको कारण हामीले घर पाएका छौं’ प्रसन्न मुद्रामा मण्डलले भने, ‘समस्या समाधान गर्न सहयोग पुर्याउने सबैलाई धेरै–धेरै धन्यवाद !’



## शुद्ध पिउने पानीसँगै सुन्दरबस्तीमा छाएको खुशी

न बिजुली, न बाटो, न शुद्ध पिउने पानी । केही वर्षअघिसम्म ४५ घरधुरी रहेको सुन्दरबस्तीको अवस्था टिठ लाग्दो थियो । आधारभूत आवश्यकताबाट टाढा रहेका सुन्दरबस्तीका स्थानीयको दैनिकी ज्यालामजदूरी र वैदेशिक रोजगारीले जसो तसो चलिरहेको थियो ।

दैनिक जीविकोपार्जन निकै सकसपूर्ण रहेको सुन्दरबस्तीको अवस्था अहिले भने फेरिएको छ ।

खैरहनी नगरपालिका, खानेपानी उपभोक्ता संस्था, स्थानीय र लुमन्तिको सहकार्यमा बस्तीभित्र खानेपानीको पाइप लाइन बिस्तार भएर घरघरमा धारा जडान भएसँगै यतिबेला सुन्दरबस्तीका बासिन्दा मख्ख छन् ।

पिउने पानीका लागि हुकुमबासीको घर जानुपर्ने बाध्यताबाट सुन्दरबस्तीका बासिन्दाले मुक्ति पाएका छन् । “बस्तीमा धारा केही थिएन, वर्षाको समयमा डुबान भएपछि कलाको पानी प्रयोग गर्न नसकिने । पानी लिन नजिकैको बस्तीमा जानु पर्थ्यो,”स्थानीय सुरेश चौधरीले विगतका दुःख सम्झँदै भने, “नुहाउन, लुगाधुन र गाईभैँसीलाई खुवाउन सबैले नहरको पानी प्रयोग गर्नु पर्थ्यो ।”

केही समयअघिसम्म अस्वस्थकर पानी पिउन बाध्य रहेका यहाँका बासिन्दा पर्सा साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले खैरहनी नगरपालिकाभित्रका विभिन्न क्षेत्रमा पाइपलाइन बिस्तार गरेर शुद्ध पिउने पानीको पहुँच पुर्याइदिएसँगै लाभान्वित बनेका हुन् ।

वैदेशिक रोजगारीबाट फर्किएर ड्राइभिङ पेशा अपनाएका चौधरी श्रीमती,छोरा र आफ्नो पहुँचमा शुद्ध पिउने पानी पुग्ला भनेर नसोचेको बताउँछन् ।



"खानेपानी, बाटो, बिजुली लगायत सबै क्षेत्रबाट हाम्रो बस्ती पछाडि परेको थियो । शुद्ध पिउने पानी अभावमा हामीमध्ये धेरै अशुद्ध पिउने पानीका कारण लाग्ने रोगबाट ग्रसितसमेत थियौं " उनले भने, "सामुदायिक सक्रियता,समस्याको पहिचान, समाधानको उपाय र स्रोतमा पहुँच पुगेपछि सबै समाधान हुने रहेछन् । यी सबैका लागि लुमन्तिको योगदान तारिफयोग्य छ ।"

पाइपलाइन विस्तार नभएकाले शुद्ध पिउने पानीको पहुँचबाट टाढा रहेका बासिन्दालाई खानेपानीको व्यवस्था गर्न कुमरोज सामुदायिक वन उपभोक्ता समितिले नगद छ हजार र बुढीराप्ति उपभोक्ता समितिले नगद तीन हजार आर्थिक सहयोग गरेका थिए । सो कार्यका लागि पर्सा साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले लाभान्वित समुदायलाई तीन हजार छुटको व्यवस्था गरेको थियो ।

संस्थाको नियमानुसार धारा जडानका लागि लाग्ने शुल्क दश हजार पांच सय र सामान खरिद गर्न थप पांच हजार गरि जम्मा सोह्र हजार पांच सय भएतापनि विपन्न समुदायलाई लक्षित गरि पर्सा साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले सहुलियत स्वरूप जम्मा दश हजार पांच सय मात्र शुल्क निर्धारण गरेको छ ।

"सुरुमा त हामीलाई फकाई फुलाई गरेर पानी जोड्न लगाउन लागेको जस्तो लागेको थियो," सुरेश चौधरीले भने, "पछि धेरै सहुलियत पाउने भएपछि हामीलाई आँट आयो ।" सहुलियत प्राप्त भएसँगै सुन्दरबस्तीका २३ परिवारले खैरहनी नगरपालिका सहरी गरिब सहयोग कोषबाट जनही १० हजार पाँच सय ऋण लिएर धारा जडान गरेका छन् ।

आर्थिक अभाव र सामुदायिक सक्रियता कम भएको सो बस्तीमा लुमन्ति आवासको लागि सहयोग समुहले समुदायलाई संगठित गरि सामुदायको सक्रियता बढाउन र समुदायलाई नै अगुवाई गराउन सहजीकरण गरेको उनै चौधरी बताउँछन् । सामुदायिक सक्रियतामा वृद्धि भएसँगै समुदायमा विद्यमान खानेपानीको समस्या पहिचान गरेर समुदाय आफैंले सो समस्या समाधान गर्न सफल भएको उनको अनुभव छ । खानेपानीको समस्या समाधान भएसँगै सुन्दरबस्तीका बासिन्दा अन्य समस्या समाधानका लागि तयार रहेको चौधरी बताउँछन् ।

खैरहनी-लुमन्तिका समुदाय परिचालक श्री कृष्ण पौडेल ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।





## सहकारीको सहयोगले नर्सरी व्यवसाय

४० वर्षीया तेतरीदेवी रामले गोबर सोहोरेर मासिक तीन हजार आम्दानी गर्थिन् । पुराना दिन सम्झिँदै उनले भनिन्, ‘विगतके दिनमे अपन घर चलावेला हम स्थानीय पाहवारी महतो आ बिश्वनाथजीके घरमे गोबर काछके दिनके १०० रुपैया कमाके अपन परिवार चलावत’ (पहिले मैले यहीँका स्थानीय विश्वनाथजीको घरमा गोबर सोरेर कमाएको १०० रुपैँयाले आफ्नो परीवार चलाउँथे) ।

कलैया उपमहानगरपालिका–८ स्थित खपरतता टोलमा तेतरीदेवीको आज आफ्नै जग्गामा बनेको चिटिक्कको घर छ । तर उनका पाँच सदस्यीय परिवार एकै ठाउँमा नबसेको वर्षौं भयो । उनका श्रीमान वैदेशिक रोजागरीका सिलसिलामा नेपाल बाहिर छन् । आर्थिक अवस्था कमजोर भएका कारण एक छोरी सासुसँगै भारतमा बसेर अध्ययन गरिरहेकी छिन् ।

तेतरीदेवीको मुख्य पेशा बिरुवाहरु हुर्काउने 'नर्सरी' सञ्चालन गर्नु हो । नर्सरी सञ्चालन गर्नुअघि उनी गाउँघरमा मजदुरी गर्ने गर्थिन् । तर कलैया उपमहानगरपालिका र लुमन्तिद्वारा प्रबर्तित दिपशिखा महिला बचत तथा सहकारीको सदस्य भएपछि उनको जीवनमा परिर्वतन आयो । सोही सहकारीबाट उनले दुई पटक गरी ८० हजार कर्जा लिइन्, भारतबाट बिउ ल्याइन र आफ्नै जग्गामा नर्सरी सुरु गरिन् ।

नर्सरीमा उत्पादीत फूल उनी वीरगंजमा रहेको माईस्थान मन्दिरमा लगेर बिक्री गर्ने गर्छिन् । फूल बिक्री गरेर उनी मासिक रुपमा १५ हजारसम्म आम्दानी गरिरहेकी छिन् । नर्सरीको आम्दानीले नै आजभोलि उनको परिवार सहज रुपमा धानिएको छ ।

नर्सरीसँगै आजभोलि उनले स्थानीयस्तरमै उपलब्ध हुने गोबरको प्रयोग गरि प्राङ्गारिक मल उत्पादन गर्न सुरु गरेकी छिन् । प्रति प्याकेट एक सय रुपैयाँ मुल्य रहेको मल मासिक रुपमा २५ प्याकेटसम्म उत्पादन भइरहेको उनले बताइन् ।

'घरमा नै आएर खरिद गरे प्याकेटको ३० रुपैयाँ पर्छ' मलको मुल्यबारे उनले थप भनिन्, 'बजारमा आफूले पुर्याएर बेच्नु पर्यो भने एक सय रुपैयाँ लिने गरेको छु ।'

घर बाहिर निस्किनै मुस्किल मान्ने समुदायका मानिस आत्मनिर्भर हुन सक्नुमा लुमन्तिको महत्वपूर्ण योगदान रहेको तेतरीदेवीले बताइन् । घरायसी समस्या, सामाजिक परिस्थितीका कारण पहिले घरबाहिर निस्किन अप्ठेरो हुने गर्थ्यो' विगत सम्झँदै उनले भनिन्, 'म आफैं पनि घरबाट बाहिर निस्किएर वीरगंज गएर फूल बेच्न सक्ने अवस्थामा आइपुगेको छु । यसमा लुमन्तिको सहयोग ठूलो छ ।'

सहकारीमा आवद्ध भएपछि भ्रमणमा रत्ननगर पुगेका बेला त्यहाँका महिलाहरु आत्मनिर्भर भएको र उनीहरुले समुदायको विकासमा खेलेको भूमिका देखेर आफू प्रभावित भएको र सोही दिनबाट सहकारीमा नियमित बचत सुरु गरेको उनले बताइन् । बचतसँगै कर्जा लिएर व्यवसाय सुरु गरेर अहिले आम्दानी गर्न सफल हुन सकेको तेतरीदेवीको भनाइ छ ।

'लुमन्तिको आएपछि समुदायका महिलाहरुमा बचत, बचतले भविष्यमा पार्ने प्रभावबारे चेतना भएको छ' उनले भनिन्, 'पैसा भएर मात्र केही हुँदैन त्यसको सही प्रयोग गर्न सक्नुपर्छ भन्ने सकारात्मक परिवर्तन समाजमा आएको छ । यसले बैलाई सफल बन्न प्रेरित गरेको छ ।'

कलैय-लुमन्तिका समुदाय परिचालक श्री अनिल मण्डल ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



## 'बल्ल पिउन पायौँ सफा पानी'

खैरहनी नगरपालिका-१० मा रहेको मुसहर बस्तिमा २८ घरधुरी छन् । केही समयअघिसम्म सो बस्तिका अधिकाशं झाडापखाला, हैजा, खटिराबाट पीडित थिए । यी रोगका दुई कारण थिए; दूषित पिउने पानी र सरसफाइको कमी ।

समुदायलाई नमूना बस्तीका रूपमा स्थापित गर्न नगरपालिकाले बाटो, चापकल र चर्पीसहितको आवासको व्यवस्था गरिदिएको थियो । भौतिक रूपमा समुदायको अवस्था सुधारिदै गएपनि चेतनासको स्तरमा कमीका कारण सामुदायको स्वास्थ्यमा परिवर्तन हुन सकेको थिएन । यसका लागि नगरपालिका, बाल तथा महिला बचत समूहले विभिन्न कार्यक्रमहरू सुरू गरेका थिए तर अपेक्षित नतिजा हात पर्न सकेका थिएन । सोही क्रममा लुमन्तिले पनि त्यहाँको स्वास्थ्य र सरसफाइको क्षेत्रमा काम गर्न सुरू गरेको स्थानीय रामु माझी सम्झन्छन् ।

'अरूले पनि काम गरिरहनु भएको थियो, हामीले पनि गरिरहेका थियौँ' माझीले भने 'लुमन्ति आएपछि अझ राम्रोसँग काम भएको हो । उसले स्थानीय, वडा, नगरपालिका र अन्य सरोकारवाला निकायसँग समन्वय गरेपछि बस्तीको अवस्था सुधारिदै गयो ।'

लुमन्तिको सहजीकरणमा मुसहर बस्तीमा पानी परिक्षण भयो । सो क्रममा दिसाजन्य कीटाणु कोलिफर्म देखा पर्यो । यसले समुदायमा त्रास फैलियो तर डराउनुभन्दा पनि त्यसको व्यवस्थापनतर्फ सबैले चासो देखाए ।

पानीमा कोलिफर्मको मात्रा कम गर्दै तत्काल र दीर्घकालिन रूपमा निर्मूल कसरी गर्न सकिन्छ भन्ने विषयमा स्थानीय, वडा कार्यालय, जनप्रतिनिधि र लुमन्तिले सामूहिक छलफल आयोजना गर्यो । छलफलमा शौचालय र चापकलको दूरी बढाउने, चापकलमा प्रयोग भएको पाइपको लम्बाइ बढाउने, शौचालय र चापकलका क्षेत्र

सफा राख्ने, तत्कालका लागि पानी सफा गर्न पियुस झोल प्रयोग गर्ने र दीर्घकालमा शुद्ध पिउने पानीका लागि धारा जडान गर्ने निर्णय भयो । यी सबैका लागि वडा कार्यालयको सिफारिसमा लुमन्तिले आवश्यक सामग्रीको लागि सहयोग गर्ने र समुदायवासीले बालुवा, माटो जुटाउने र श्रमदान गर्ने सहमती भयो । सोही सहमती अनुसार १० दिन लगाएर स्थानीयले चापकलको स्तरोन्नती र सरसफाइको काम सम्पन्न गरे ।

'कोलिफर्म देख्दा हामी अत्तालियौँ, अब के गर्ने भन्ने चिन्ता भयो तर लुमन्ति, वडाध्यक्ष चन्द्रविक्रम चौधरीले हामीलाई सुरक्षित रहन उपाय सिकाउँदै सहयोग गर्नुभयो' स्थानीय याम्पी माझीले भने 'लुमन्तिले १५ हजार एक सय सात रूपैयाँ उपलब्ध गरायो । त्यसले पाइप, सिमेन्ट खरिद गर्यौं ।

हामीले बालुवा, माटो भेला पार्यौं । चापकलको पाइपमा १० फिट थपेर ३५ फिट बनाएर चर्पी भन्दा अलि टाढा लगेर गाड्यौँ, वरपर चौताल बनायौँ । पानी जम्ने ठाउँमा पाइप राखेर पानी कटायौँ । अहिले हामीलाई ढुक्क छ ।'

समुदायवासीको समस्याको उचित सुनुवाइ भएकोमा यम्पी र रामु लगायत सबै टोलवासी खुशी छन् । अहिले चापकल वरपर पहिलेजस्तो पानी जम्दैन । हाँस र बंगुर डुबुल्की मार्दैनन्, फोहोरको गन्ध आउँदैन, पानी जमेकै कारण उब्जनी नहुने करेसाबारी थोरै भएपनि सागसब्जी उत्पादन हुन्छ । बालबालिका र स्थानीय दूषित पानी र फोहोरका कारण हुने रोगबाट बिरामी हुन परेको छैन ।





लुमन्तिको साथ समुदायवासीको अग्रसरता र वडा र नगरपालिकाको सहयोगमा चापकल व्यवस्थिकरण र समुदायमा शुद्ध पिउने पानीको पहुँच पुगेकाले समुदायवासीमा खुशी छाएको छ । स्थानीयवासी स्वस्थ भएकाले नमूना मुसहर बस्ती साँच्चै नमूना बनेको छ ।

खैरहनी-लुमन्तिकासमुदाय परिचालक श्री सन्ध्या चौधरी ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।




## संघर्ष गर्दै अघि बढ्दै

सिलाइ मेसिन चलाइरहेकी विमला खवास एकछिन टक्क रोकिन्छिन् । सिलाइ पसल छेवैको उनको किराना पसलमा ग्राहक आएका छन् । उनी ग्राहकलाई सामान दिन्छिन्, पैसा गल्लामा राख्छिन् र पुनः कपडा सिलाउन मेसिनमा बस्छिन् । यसरी नै उनको दिन बित्छ । सिलाइ र किराना पसलमा विमलालाई श्रीमान् र कान्छी छोरीले सघाउँछन् । केही वर्षअघिसम्म विमलालाई यस्तो दिन आउँला भन्ने पटक्कै विश्वास थिएन ।

विमलाका श्रीमान् ज्यामी काम गर्थे । उनी स-साना नानी स्याहार्दै फुर्सदमा सिलाइ-कटाइको काम गर्थिन् । जीवन ठिकठाक चलिरहेको थियो तर एक्कासी सबै सपनासरी भताभुङ्ग भयो । एकदिन उनका श्रीमानले बिख पिए । जसको कारण हालसम्म उनका श्रीमान बाहेक कसैलाई  थाहा छैन । बिख खाएका श्रीमान् बचाउन उनले आफूसँग भएका सारा सम्पत्ति बेचिन् । श्रीमानको उपचारमा सफलता त मिल्यो तर उनीहरू घरबारविहीन  भए ।

स-साना छोरी, वृद्ध सासूलाई स्याहार्दै श्रीमानलाई मृत्युको मुखबाट कसरी बचाइन् त्यो उनलाई मात्र थाहा छ । घटना सम्झंदा विमला भावुक हुन्छिन् ।

उपचारपछि उनका श्रीमान् सधैँ गर्ने ज्यामी काम गर्न नसक्ने भए । दुई छोरी, सासु र श्रीमान सहितको परिवार चलाउने जिम्मा उनकै काँधमा आइपर्यो । अर्काको मेसिनमा सिलाइ काम गर्दा उनी महिनाभरमा जसोतसो ९-१० हजार कमाउँथिइन् । 'कहिलेकाहीँ मन नै मरेर आउँथ्यो' मलिन मुद्रामा उनले भनिन्, 'तर परिवार सम्झेर हरेस नखाइ मेहनत गरिरहें ।' पढाउन मन हुँदाहुँदै उनले आफ्नी जेठी छोरीलाई विद्यालय पढाउन छाडिन् । मन अमिलो भए पनि उनले छोरीलाई घरको काम अह्राउन थालिन् ।

छोरीले काम सघाउन थालेपछि उनलाई केही हल्का त भयो तर उनको मन हलुङ्गो कहिलै भएन । जेठी छोरीलाई पढाउन नपाएकोमा उनको मन अझै अमिलो हुन्छ । अभावका कारण जेठी छोरीले पढाइ अधुरै छाडे पनि कान्छी छोरीले उच्च शिक्षा हासिल गरेकी छिन् । उनी अहिले आमाले सुरू गरेको सिलाइ-कटाइ व्यवसायलाई अघि बढाइरहेकी छिन् ।

सुन्दरहरैंचा नगरपालिका २ करेबनामा २०७४ सालतिर लुमन्ति नआएको भए आफ्नो जीवन परिवर्तन नहुने विमला बताउँछिन् । लुमन्तिले बचतको महत्व बुझाउँदै गाउँमा महिला बचत समूह स्थापना र सञ्चालन गर्न सहयोग गरिदिएपछि विमलाले केही रकम बचाएर बचत गर्न थालिन् ।

करेबनाका महिलाहरूले नियमित सामूहिक बचत कार्यक्रम सञ्चालन गर्न थालेपछि लुमन्तिले उक्त महिला बचत समूहलाई बिउँ पूँजी सहयोग गर्यो । बिउँ पूँजीको रकम आयआर्जन हुने क्रियाकलापमा मात्र लगानी गरिने प्रावधान राखियो । सोही रकम लगानी गरी विमलाले आफ्नै सिलाइ मेसिन खरिद गरिन् । भाँडाको र आफ्नो मेसिनको सहायतामा विमलाले आफ्नी दुवै छोरीलाई सिलाइ-कटाइ सिकाइन र दक्ष बनाइन् ।

दुवै छोरीले आफूलाई सहयोग गर्न सक्ने भएपछि समूहबाट ऋण लिएर विमलाले दोस्रो सिलाइ मेसिन खरिद गरिन् । घरमा आफ्नै दुई मेसिन सञ्चालन हुन थालेपछि खवास परिवारमा आर्थिक समस्या कम हुँदै गयो । समूहबाट लिएको ऋणको किस्ता तिर्न अन्यसँग ऋण खोज्दै जानुपर्ने बाध्यता हटेको विमला सम्झन्छिन् ।

'अहिले ऋण तिर्न पहिले जस्तो समस्या पर्दैन । पहिले किस्ता तिर्न फेरी ऋण गर्नुपर्थ्यो । नियमित आम्दानी भएपछि सहज हुँदो रहेछ' विमलाले भन्छिन्, ' जेठी छोरीको बिहेदान ऋण गरेरै गरिदिए । ऋण गरेरै बिहे गरिदिए पनि परिवारले कमाएको पैसाले बिहेको ऋण तिर्न खासै समस्या परेको छैन ।'

'अहिले ऋण तिर्न पहिले जस्तो समस्या पर्दैन । पहिले किस्ता तिर्न फेरी ऋण गर्नुपर्थ्यो । नियमित आम्दानी भएपछि सहज हुँदो रहेछ' विमलाले भन्छिन्, ' जेठी छोरीको बिहेदान ऋण गरेरै गरिदिए । ऋण गरेरै बिहे गरिदिए पनि परिवारले कमाएको पैसाले बिहेको ऋण तिर्न खासै समस्या परेको छैन ।'

अर्काको मेसिनबाट जसोतसो कमाएर परिवार चलाउँदै आफ्नै दुई वटा मेसिन जोड्न सफल भएकी विमलाले हाल श्रीमानलाई किराना पसल सञ्चालनको जिम्मा दिएकी छिन् । पसल सञ्चालनका लागि विमलाले नगरस्तरिय हाम्रो महिला बचत समन्वय समितिको सहयोग लिइन् । महिला बचत समूहबाट बिउँ पूँजी लिएर आर्थिक उपार्जन गरिरहेका महिलाहरूले ऋण रकम बढाउन र साना व्यवसाय सञ्चालनमा सहयोग गर्न पटकपटक माग गरेपछि नगरस्तरिय समितिले ५५ हजार र लुमन्तिले तीन लाख ६० हजार गरी कुल चार लाख १५ हजार बराबरको आयआर्जन कोष स्थापना गरेको थियो । सोही कोषबाट विमलाले ३० हजार ऋण लिइन् र आफ्नै घरमा पसल स्थापना गरी सञ्चालनमा ल्याइन् ।

महिलाहरूलाई आयआर्जन कार्यमा संलग्न गराँइ उनीहरूको परिवारको जीवनस्तरमा परिवर्तन गराउन र भविष्यका लागि आफैं बचत गर्न सक्षम बनाउन कम ब्याजदरमा ऋण लगानी गर्न स्थापित कोषबाट अन्य महिलाहरूले पनि व्यवसाय गरिरहेको विमला बताउँछिन् ।

'कोषबाट लिएको ऋणबाट मैलेजस्तै अरू साथीहरूले पनि व्यवासय गरिरहनु भएको छ । यसले हामीजस्ता महिलालाई फाइदा गरेको छ' विमला भन्छिन्, 'कोष स्थापना गर्ने लुमन्ति र हाम्रो महिला बचतलाई धेरैधेरै धन्यवाद छ ।'

किराना पसलमा आम्दानी हुन थालेपछि विमलाका श्रीमानले अन्य कामभन्दा पसलमा बढी समय दिन थाले । पसलमा पानीपुरी र चटपटे पनि थपियो । यसले खवास परिवारको आम्दानी बढ्दै गयो । जसले गर्दा समूहको ऋण तिर्न कुनै

समस्या भएन । तर कपडा सिलाइ-कटाइ र किराना पसल फरक फरक ठाउँमा भएपछि सञ्चालनमा अप्ठ्यारो हुन थाल्यो । दुवैलाई एउटै घरमा सञ्चालन गर्नपाए हुने भन्ने विमलाले सोच्न थालिन् । त्यसका लागि आफूहरूले नयाँ घर बनाउनु पर्ने योजना खवास परिवारले बनायो । विमलाले सोका लागि बचत समूहका आफू र छोरीको नाममा ऋण माग गरिन् । अगाडीको कारोबार हेरेर समूहले लगानी गर्ने निर्णय गर्यो र विमला घर बनाउन सफल भइन् ।

अहिले उनी आफ्नै घरको एक कोठामा सिलाइ-कटाइ पसल सञ्चालन गर्छिन् । यसमा उनलाई कान्छी छोरीले सहयोग गर्छिन् । घरकै अर्को कोठामा विमला र श्रीमान्ले किराना, पानीपुरी-चटपटे पसल सञ्चालन गर्छन् ।

कुनै समय घरबारविहीन र चरम गरिबीको अवस्थामा पुगेकी विमलालाई अहिले आफ्ना सुखका दिन आए जस्तो लाग्छ । सबै ऋण चुक्ता गरिसकेकी उनले अहिले आफ्नै नाममा जग्गा समेत जोडिसकेकी छिन् ।

'हाम्रो छोरा छैन, बुढेसकालमा कसरी खाने भन्ने चिन्ता हामी दुई बुढाबुढीलाई हुन्थ्यो । तर अब ढुक्क छौँ । बुढेसकालको सहारा पसल, घर छन्' मन्द मुस्कानमा विमलाले थपिन्,'कान्छी छोरीको बिहे गर्न बाँकी छ तर त्यसको केही टेन्सन छैन । बचत गर्ने बानी छ, समूहमा बचत गरेका छौँ । महिनामा राम्रै आम्दानी गर्छौं । यो सबैको लागि लुमन्तिलाई विशेष धन्यवाद छ ।' आर्थिक रूपमा सबल भएपछि छरछिमेक र समाजमा स्तर समान भएकाले खवास परिवार सन्तुष्ट, दङ्ग र तनावमुक्त छ ।



सुन्दरहरैचा-लुमन्तिका समुदाय परिचालक श्री अलिमा भट्ट ज्यूले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



## अतित बिर्सिएर अघि बढिरहेकी दिदीबहिनी

श्रीमानको चरम यातनापछि खैरहनी–१० मुसहर बस्तीकी गीता माझीको जेठ १८ गते भरतपुर अस्पतालमा प्राण गयो ।

मादक पदार्थ सेवन गर्ने माझी दम्पत्तीबीच अन्य बेला पनि झगडा भइरहन्थ्यो । तर २०७९ जेठ १३ गते माझीको घरमा होहल्ला र रुवाबासी भइरह्यो । छरछिमेकले सामान्य सम्झिरहे । तर रगतले लतपतिएर गीताका श्रीमान् रामचन्द्र माझी घर बाहिर निस्किएपछि छिमेकी सशंकित भए ।

सबै मिलेर माझी दम्पत्तीको घर पुग्दा गीता रगतपच्छे भएर बेहोस थिइन् । छिमेकीहरुले गीतालाई तत्काल भरतपुर अस्पताल पुर्याए । गीताका श्रीमान रामचन्द्रलाई प्रहरीको जिम्मा लगाइयो ।



गीता माझीको मृत्यु पछि भावविह्वल छोरीहरु निशा र सुस्मिता माझी
(तस्विर सौजन्य: अनिल ढकाल,अन्नपूर्ण पोष्ट दैनिक)

जेठ १३ गते अस्पताल भर्ना भएकी गीताको उपचारका क्रममा पाँच दिनपछि जेठ १८ गते निधन भयो । घटनालगत्तै घरबाहिर रहेकी माझी दम्पत्तीका दुई छोरी घर आए । बुबाआमासँगै रहेकी १३ वर्षीय कान्छी छोरी सुस्मिता स्तब्ध थिइन् । घर नजिकै रहेको कठार माध्यमिक विद्यालयमा कक्षा ३ मा अध्ययन गरिरहेकी उनी घटना लगत्तै बेहोसी अवस्था थिइन् ।

माझी दम्पत्तीकी जेठी छोरी विवाहपछि घरबारमा व्यस्त थिइन् भने माइली छोरी निशा कामको सिलसिलामा काठमाडौंमा थिइन् । गीताको घटनापछि गाउँ विक्षिप्त थियो । मुसहर बस्तीमा त्रास फैलिएको थियो ।

छिमेकीका अनुसार गीताका श्रीमान् रामचन्द्र बेरोजगार थिए । नियमित काम नगर्ने उनी काम पाइहाल्दा कमाएको पैसा मादक पदार्थमा खर्च गर्थे । घरखर्च र कान्छी छोरीको अध्ययन खर्च गीता एक्लैले धान्थिन् ।

गीताको मृत्युपश्चात्त घरको रेखदेख गर्ने र दुई छोरीको पालनपोषण गर्ने कोही भएन । आमाको मृत्युपश्चात्त कान्छी छोरी किरियापुत्री बसिन् । अवस्था नाजुक देखेपछि स्थानिय निकाय, प्रहरी कार्यालय र विभिन्न सरोकारवाला संस्थाहरुको माझी दम्पत्तीको घरमा सक्रियता बढ्यो । जनप्रतिनिधि, सञ्चारमाध्यम र सहयोगि निकायहरुका प्रतिनिधिहरुको आवतजावत बढ्न थाल्यो । घरकलह, मादक पदार्थ दुर्व्यसनी, दोषीलाई कडा कारबाहीदेखि दुई नाबालिकाहरुको भरणपोषण कसरी गर्ने भन्ने विषयमा छलफल हुन थाल्यो ।

गीताकी छिमेकी एवम् वडा नं १० की वडा सदस्यले घटनाका मुख्य कारण मादक पदार्थ सेवन नै रहेको औल्याइन् । ‘यो बस्तीमा जाँडरक्सी पिउनु, घर आएर झगडा गर्नु र श्रीमती कुट्नु सामान्य जस्तै छ । सधैं भइरहन्छ । सम्झाउँदा हामी गल्छौँ तर उनीहरुले पिउन छाड्दैनन्’ घटनाबारे उनले भनिन्, ‘हरेक दिनको जस्तै सम्झिएर हामीले वास्ता गरेनौँ । यस्तो अप्रिय घटना होला भनेर सोचेका थिएनौँ ।’

सामूहिक छलफलका क्रममा नगरपालिका, सामाजिक संस्था र विभिन्न व्यक्तिले किरिया खर्च र आर्थिक सहयोग उपलब्ध गराए । अभिभावकविहीन बालिकाहरुको पालनपोषण त्यहीँ समुदायमा नहुने निष्कर्षपछि लुमन्तिको पहलमा विभिन्न संस्थाहरुले दुई बालिकाहरुको जीवनयापन, अध्ययन र भविष्यबारे छलफल भयो ।

छलफलका क्रममा बालिकाहरुको संरक्षणका लागि जिल्ला प्रतिनिधिमार्फत माइती नेपालसमक्ष पहल गर्ने निर्णय भयो र सोही अनुसार प्रक्रिया अघि बढाइयो । घर र समुदायका अवस्था प्रतिकुल रहेको अवस्थामा जनप्रतिनिधि, सामाजिक संस्था र स्थानियको रोहबरमा दुई बालिकालाई माइती नेपालको संरक्षणमा रहने गरी जिम्मा लगाइयो ।

आफूहरुको संयुक्त पहलकदमीले दुई बालिकाहरुको भविष्य उज्यालो हुनेमा विश्वस्त रहेको वडाध्यक्ष चन्द्रविक्रम चौधरीले बताए ।

'संयुक्त निर्णयपश्चात्त दुई नानीहरुको संरक्षणको जिम्मा माइती नेपाललाई सुम्पियौँ । यो कदमले भविष्यमा राम्रो प्रतिफल दिन्छ भन्नेमा हामी विश्वस्त छौँ' वडाध्यक्षले थपे, 'यसका साथै मुसहर बस्तीलाई विशेष निगरानीमा राखेर सोही प्रकारका कार्यक्रमहरु सञ्चालन गर्छौं ।'

हाल गीताकी दुई छोरी; माइली र कान्छी माइती नेपालको संरक्षणमा अध्ययन गरिरहेका छन् । तिहारको बिदामा छोटो समयमा लागि घर आएकी माइली छोरी निशा माझीले माइती नेपालको अनुभव सुनाइन् ।

'त्यहाँ हामीले हामीजस्तै अभिभावकविहिन धेरै साथीहरु पायौँ, उनीहरुले हामीलाई व्यवहारिक कुराहरु सिकाए, अहिले हामीलाई खानलाउनको चिन्ता छैन, हाम्रो पढाई पनि राम्रोसँग चल्दैछ' खुशी हुँदै निशाले बताइन्, 'हाम्रो भविष्य उज्यालो हुनेमा हामी विश्वस्त छौँ ।'

घर, आमाबुबा र दौतरीको याद नआउने होइन तर सानै उमेर टाढा बसेर आफ्नो भविष्य सम्झिएर मेहनत गर्नुको पीडा निशा र सुस्मितालाई मात्र थाहा छ । बेला बेला आफ्नो परिवारमा घटेको त्यो दर्दनाक घटनाले सताउने गरेको दुई दिदीबहिनीले सुनाए ।

अभिभावक गुमाउनु परेको पीडा सहन नसकिरहेको बेला लुमन्ति लगायत संस्थाको अग्रसरतामा माइती नेपालको संरक्षण पाएकोमा दुवै खुशी छन् ।

'आमा गुमाउनु परेको पीडा र बाबा साथमा नहुनेको अवस्थाबाट गुज्रिरहेको बेला माइती नेपालको सहारा पायौँ' निशा र सुस्मिताले भने, 'दुःखमा मलहम लगाउन सहयोग गर्ने लुमन्ति लगायत सबै सामाजिक संस्थालाई धन्यवाद भन्न चाहन्छौँ ।'

सोही समुदायमा रहेको मिलिजुली महिला समुहकी अध्यक्ष यम्पी माझी भन्छिन्, 'अभिभावकबिना यहीँ समुदायमा बसेर उनीहरुको पालनपोषण, अध्ययन र संरक्षणमा अप्ठेरो हुन्छ भनेर नै माइती नेपाल पठाउने सर्वसम्मत् निर्णय गरेका थियौँ । नानीहरुले राम्रो पढिरहेका छन् । यो नै खुशीको कुरा हो ।'



नानीहरुले राम्रो पढिरहेका छन् । यो नै खुशीको कुरा हो ।' वडा सदस्य मिरा चौधरी घटनापश्चात्त मुसहर समुदायमा परिवर्तनका संकेत देखिएको बताउँछिन् । 'पछि परेका समुदायका सर्वाङ्गीण विकास लागि केही काम भएका छन् । त्यसको नतिजा पनि आएका छन्' वडा सदस्य चौधरीले भनिन्, 'सामाजिक परिवर्तन आजभोलि नै हुँदैनन्, शिक्षालाई विशेष महत्व दिएर काम भइरहेका छन् । म आफैं पनि लागि परेकी छु । केही समयपछि अपेक्षित नतिजा आउँछन् भन्ने विश्वास छ । दु्ई नानीहरूको अनुभव सुन्दा भविष्य राम्रो हुने हामीले विश्वास लिएका छौँ । माइती नेपाल पठाउने हाम्रो निर्णय सहि साबित भएकोमा खुशी छौँ ।'

खैरहनी-लुमन्तिका समुदाय परिचालक श्री रन्जिता खनाल देवकोटा ज्युले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



## शुद्ध पिउने पानीको लागि संघर्ष

चितवन जिल्लामा अवस्थित खैरहनी नगरपालिकाको वडा नं १० मा रहेको जीवनपुरमा ४५ घरधुरी छन् । २०५० सालमा आएको बाढीले आफ्नो बासस्थान गुमाएकाहरुलाई स्थानिय सरोकारवालाहरुको समन्वयमा वडा नं १० मा रहेको ऐलानी जग्गामा जीवनपुर बस्ती बसालिएको थियो ।

बस्तीको काखमै छ खानेपानीको ट्याङ्की । ट्याङ्की छेवैमा छ कठार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको कार्यालय । तर पानीट्याङ्कीकै मुनि रहेको समुदायले पानी पिउन पाएन । पुरानै चापकलका पानी पिउन जीवनपुरबासी बाध्य भए । पानीमा स–साना सर्प र गड्यौलाजस्ता जीव देखा पर्न थाल्यो । दैनिक पिउने पानीमा यस्तो देखिन थालेपछि त्रसित स्थानीय खानेपानीको कार्यालयमा पुगे ।

तर पाइपलाइन विस्तार नभइसकेको र लालपुर्जा नभएकालाई धारा जडान गर्न नमिल्ने जवाफ पाए । तर स्थानीयले खानेपानी संस्था धाउन बन्द गरेनन् । स्थानीय वडा कार्यालयमा पनि गए तर धारा टोलमा आएन । आजित बनेका स्थानीयले आफूहरुको समस्या वडाबाट सुनुवाइ नहुने निष्कर्ष निकाले र मेयरसँग कुरा राख्न नगरपालिका कार्यालय पुगे ।

जीवनपुरबासीको समस्या थाहा पाएपछि नगरप्रमुख लालमणी चौधरीले खानेपानी उपलब्ध गराउने आश्वासन दिए । त्यसपछि ‘जीवनपुर दलित समुदायमा खानेपानी विस्तार’ शीर्षकमा नगरपालिकाले तीन लाख बजेट विनियोजन गरिदियो ।

‘भनिन्छ नि सास रहुन्जेल आश गर्नु भनेर हामीले पनि त्यहीँ आश बोकेर सबै निकाय धायौँ’ धारा ल्याउन आफूहरुको मेहनत सम्झँदै स्थानीय खरेलले भने, ‘लामो संघर्षपछि बजेट त आयो तर कसरी काम गर्ने विषयमा फेरि अन्योल आयो । यसमा लुमन्तिले हामीलाई सहयोग गर्यो ।’

नगरपालिकाले बजेट विनियोजन गरेपछि जिवनपुर महिला समूहको नेतृत्वमा खैरहनी नगरपालिका प्रमुख, खानेपानी संस्थाका अध्यक्ष, लुमन्ति र स्थानीयबीच छलफल भयो ।

छलफलमा नगरपालिकाको स्वीकृतिमा जीवनपुरमा कठार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले धारा जडान गर्ने र स्थानीयको तर्फबाट लागत साझेदारीको हिस्सा बराबरको रकम लुमन्तिले उपलब्ध गराउने निर्णय भयो ।

पिउने पानीको धारा जडान गर्ने विषयले जीवनपुरबासी खुशी त भए तर त्यो लामो समय टिकेन । निर्णय अनुसार खानेपानी संस्थाले समयमा नै काम गर्न नसकेपछि बजेट फ्रिज भयो । स्थानिय तह चुनावको निर्वाचन आचारसंहिताका कारण नयाँ कामका सम्झौता रोकिए । पाइपलाइन विस्तार र धारा जडा कार्य अन्योल बन्यो ।

निर्वाचनपछि फेरी धारा जडानका योजना सुरु गर्न स्थानीयवासीले पहल गरे । वडाध्यक्ष चन्द्रविक्रम चौधरीले नगरपालिकासम्म कुरा पुर्याए तर सोही ठाउँमा ‘रिक्रियसन सेन्टर’ बनाउने पालिकास्तरीय योजनाका कारण ‘जीवनपुर दलित समुदायमा खानेपानी विस्तार’ कार्यक्रम अनिश्चित बन्यो ।

रिक्रियसन सेन्टर निर्माणका लागि बस्ती नै खाली गराउने तयारी भइरहेको हल्ला टोलभरी फैलियो ।

तर त्रसित स्थानीय विचतिल नभई टोलमा धारा जडान गर्न लागि पररहे । २०७९ फागुन २८ गते कठार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको साधारण सभाको अवसर पारेर स्थानीयले सामूहिक निवेदन पेश गरे । फलस्वरुप संस्थाले खानेपानी उपभोक्ता समिति गठन गर्यो । पालिकाबाट विनियोजित तीन लाख बजेटका लागि आवश्यक पर्ने लागत साझेदारी बराबरको ६० हजार रूपैयाँ लुमन्तिले उपलब्ध गरायो र काम अघि बढ्यो ।

तर खानेपानी संस्थाले स्थानीयलाई धारा जडानका लागि थप पाँच हजार रुपैयाँ धरौटी राख्न अनिवार्य बताएपछि समुदायमा अप्ठेरो स्थिती सिर्जना भयो । विपन्न समुदायलाई सहुलियत दिनुपर्ने ठाउँमा खानेपानी संस्थाले पैसाका कारण काम रोक्न लागेको भन्दै त्यसो नगर्न स्थानीयले आग्रह गरे ।

तर खानेपानी संस्थाको अध्यक्षबाट धरौटी रकम राख्नै पर्ने जवाफ पाएपछि उनीहरुले वडाध्यक्ष, नगरप्रमुख र सांसद हरि ढकाललाई पर्सा खानेपानी, रत्ननगर खानेपानीले विपन्न परिवारलाई सहुलियत दिइरहेको र कठारमा पनि सो लागू गर्न अनुरोध गरे ।

स्थानीयको आग्रहपश्चात्त विपन्न परिवारलाई निःशुल्क धारा जडान गरिदिने निर्णय गरियो र सो सफलतापूर्वक कार्यान्वयन भयो ।

जिवनपुर महिला समुहकी अध्यक्ष उर्मिला वि.क. भन्छिन्, ‘अहिले हामीलाई धेरै राहत भएको छ । समुदायको सबै क्षेत्रमा पाइपलाइन विस्तार भइसकेको छ । २८ वटा धारा जडान पनि भएका छन् । शुद्ध पिउने पानीमा हाम्रो पहुँच भएकाले हामी खुशी छौँ ।’

खैरहनी-लुमन्तिका समुदाय परिचालक श्री रन्जिता खनाल देवकोटा ज्युले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।



## नयाँ घरले भगाएको डर

सुन्दरहरैंचा–१ लक्ष्मीपुरमा बस्छन् एक वृद्ध जोडी । ६७ वर्षीय पानोदेवी खवास र ७१ वर्षीय मचालु खवास ।

तीन छोरी र एक छोराका धनी भएपनि खवास जोडी हाल १० वर्षीय नाती अभिषेक खवाससँग बस्छन् । बिहे गरेर घरजाम गरेका तीन छोरी बेलाबेला माइत आइ वृद्ध बुवाआमालाई सहयोग गर्छन् । खवास दम्पत्तीका एक्ला छोरा भने भिन्न बसेका छन् ।

बनिबुतो गरेर जीविकोपार्जन गरिरहेका खवास जोडी बस्ने झुप्रोले वर्खा, जाडो र गर्मी केही छेल्दैन्थ्यो । हावा चल्दा घर लडाउला कि भन्ने डर हुन्थ्यो, वर्षायाममा घरभरी पानी भरिन्थ्यो, गर्मीको तातो र जाडोको चिसो नछेल्ने घरमा यो जोडीले थोरै सुख र धेरै दुःख सँगै कटाइरहे । मर्नुभन्दा अघि आफूहरु बस्ने घर राम्रो बनाउन पाए हुन्थ्यो भन्ने खवास दम्पत्तीलाई सधै भइरहन्थ्यो । तर यो सपना पुरा हुन २०७९ सम्म पर्खनु पर्थ्यो ।

सन् २०१७ बाट सुन्दरहरैंचा नगरपालिकालाई आफ्नो कार्यक्षेत्र बनाएर काम गर्न सुरु गरेको लुमन्ति आवासका लागि सहयोग समूहले खवास दम्पत्ती बसोबास गरिरहेको लक्ष्मीपुर क्षेत्रमा 'समुदायको अगुवाइमा सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सामुदायिक सबलीकरण कार्यक्रम' सञ्चालनमा ल्यायो ।

सो क्रममा गठित टोल विकास संस्थाले आवास कार्यक्रममा खवास दम्पत्तीलाई समावेश गर्न लुमन्तिलाई आग्रह गर्यो । लुमन्तिको नजरमा पनि खवास दम्पत्ती नपरेका होइनन् तर आवास निर्माणका लागि सहयोग गर्ने परियोजना सञ्चालनमा आइसकेको थिएन ।

जसै सेलाभिपको आवास निर्माण परियोजना सुन्दरहरैंचामा सञ्चालनमा आयो तब खवास दम्पत्तीलाई पहिलो प्राथमिकतामा राखियो । टोल विकास संस्था र लुमन्तिले मात्र नभई वडा र नगरपालिका कार्यालयले समेत खवास दम्पत्तीको आवास निर्माणमा सहयोग गर्न विशेष पहल गरे । घर निर्माणमा वृद्ध खवास जोडीलाई रमेश खवासले खुब सहयोग गरे ।



बृद्ध खवास दम्पतिको नयाँ घर




हुन त रमेश ‘खवास दम्पत्ती’को आफन्त होइनन् तर वडा र नगरपालिका कार्यालयबाट सिफारिस लिनेदेखि लुमन्तिसँग समन्वय गर्नसम्म उनले ठूलो सहयोग गरेको पानोदेवी खवास बताउँछिन् ।

आवास निर्माण कार्यक्रमको लाभग्राहीका रुपमा नाम उल्लेख भएपछि पानोदेवीलाई एक प्रकारको सन्तुष्टि त मिल्यो तर घर निर्माणमा ढिलाइ भएपछि उनको मनमा चिसो पस्यो । ‘छिमेकीले तेरो घर त्यो संस्थाले बनाई दिँदैन, उनीहरुले तेरो नाम गरेर पैसा खायो पनि भने’ पानोदेवीले विगत सुनाइन्, ‘घरको काम सुरु नहुँदा मलाई पनि त्यस्तै लाग्न थालेको थियो तर त्यो झुट रहेछ ।’

लुमन्ति र नगरपालिकाको आर्थिक सहयोगमा अहिले खवास दम्पत्तीको दुई कोठे भूकम्प प्रतिरोधात्मक घर तयार भएको छ । भित्तामा प्लास्टर गर्न बाँकी रहे पनि उनीहरुको घरले अहिले गर्मी, जाडो, हावा र पानी मज्जाले छेक्छ ।

‘नाति सानै छ, बुढा बाहिर निस्किएर काम गर्न सक्नुहुन्न । घर रेखदेख मात्रै गर्नुहुन्छ । कमाउने म मात्रै हो । घर बनेपछि यताको डर छैन । सकेको काम गरेर घर खर्च टार्दैछु’ खुशी हुँदै पानोदेवीले भनिन्, ‘अहिले त हामी धेरै खुशी छौँ । लुमन्तिका सर–मिस र नगरपालिका–वडाका बाबुहरुलाई धन्यवाद छ ।’

वृद्ध जोडीलाई सहयोग गर्न पाउँदा आफूलाई खुशी मिलेको रमेश बताउँछन् । ‘सबैभन्दा धेरै धन्यवाद लुमन्तिलाई दिनुपर्छ । गरिब, दुःखीको लागि सहयोग गर्नुभएकोमा । नगरपालिकालाई पनि धन्यवाद दिन चाहन्छु, आर्थिक सहयोग गर्नुभएकोमा’ रमेशले थपे, ‘व्यक्तिगत रुपमा जोडिएर वहाँहरुको घर तयार पार्न सहयोग गर्न पाएकोमा म पनि खुशी र सन्तुष्ट छु ।’

सुन्दरहरैंचा-लुमन्तिका सब-इन्जिनियर श्री गणेश बस्नेत ज्युले लेख्नु भएको घटना अध्ययनको आधारमा तयार पारिएको आलेख ।


Selected

**लुमन्ति आवासको लागि सहयोग समुह**

३९६ कुमारीपाटी, जगन्नाथ मार्ग
दक्षिणकाली टोल, वार्ड ५
ललितपुर महानगरपालिका, नेपाल
फोन: ९७७-१-५४३५१५७ / ५४३५१५६

इमेल: shelter@lumanti.org.np
वेभ साइट: www.lumanti.org.np